पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

राष्ट्रिय दैनिक

newsofnepal.com

सोमबार, साउन ७, २०८१ | Monday, July 22, 2024 | नेसं ११४४, दिल्लागा १ | वर्ष २९, अंक १६५ | पृष्ठ ८ | मूल्य रु १०/–




■ प्रकाशकीय

## जेन–जी पुस्तामा समर्पित

राज्यका चारवटै अंग कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र पत्रकारिता तुलनात्मक रूपमा बालबालिका र युवाभन्दा वयस्कप्रति बढी समर्पित छन्। बालबालिकालाई कुमालेको चक्कामा भाँडा बनाउन राखिएको गिलो माटोसँग तुलना गरिन्छ। तर, जेन-जी (Gen Z) पुस्ताका यी बालबालिका र युवाहरूलाई आकर्षक भाँडाकुँडा बन्न यी अंगहरूले कति सहयोग गरे, समीक्षा गरिँदैन।

कुमालेको चक्काले सुराही बनाउँछ तर त्यसलाई बिक्ने बनाउन त्यसमा फूलबुट्टा कुँदनुका साथै रंगरोगन गर्नुपर्छ। त्यसै गरी बालबालिका तथा युवालाई सक्षम र आत्मनिर्भर बनाउन उनीहरूमा सीप र क्षमताको विकास गर्नैपर्छ। राज्यले पनि अब्बल, सबल र दक्ष नागरिक तयार पार्न कलिला नागरिकमा विशेष ध्यान दिनैपर्छ। तर, अहिले हामी राज्यको कुरा गर्दैनौं। राज्यको चौथो अंगको दर्जा पाएका हामी प्रेस जगत् आफैं पनि जेन-जीको आवश्यक्ता र चाहनालाई सम्बोधन गर्न चुकिरहेका तथ्य स्वीकार्छौं।

नेपालमा जेन-जी अर्थात् १२-२७ उमेर समूहको जनसंख्या करिब २० प्रतिशत अर्थात् ६० लाखभन्दा बढी देखिन्छ। नेपालको यो महत्वपूर्ण हिस्सालाई राज्यले वास्ता गर्न नसकेको आत्मबोध भएपछि नेपालको निजी क्षेत्रको जेठो प्रकाशन समूह कामना न्यूज पब्लिकेसन्स्ले उनीहरूका लागि केही गर्ने निर्णय लिएको छ। सोहीअनुसार हामीले आजैबाट विशेष योजनाका साथ नेपाल समाचारपत्रमा जेन-जी समर्पित एउटा छुट्टै पृष्ठ शुरू गरेका छौं। छापाका अतिरिक्त newsofnepal.com सोसल मिडिया र पडकास्टमा पनि जेन-जीका लागि पठनीय सामग्रीहरू सम्प्रेषण गर्ने तयारी भइरहेको यहाँहरूलाई जानकारी गराउन पाउँदा हामीलाई खुसीको अनुभूति भइरहेको छ।

यसो भन्दैमा हामीले २८-४३ उमेर समूहका मिलेनियल्स, ४४-५९ समूहका जेन-एक्स र बेबी बुमर्स आदिलाई प्राथमिकतामा राख्न छाडेको भने पक्कै होइन। कामना न्यूज पब्लिकेसन्स्ले कसैलाई काख र कसैलाई पाखा गर्न सक्तैन, सबै उमेर समूहका पाठकप्रति सदाझैं आज पनि समर्पित छ र भविष्यमा पनि रहनेछ। हाम्रा तयारी यस प्रकार छन् :

- नयाँ-नयाँ विषय जान्न उत्सुक र प्रतिक्रिया दिन सक्रिय जेन-जी समूहका लागि नेपाल समाचारपत्रले Quiz, Polls, QR Code Scanner आदि इन्ट्याक्टिभ फिचरयुक्त प्लेटफर्म तयार पारेको छ।
- युवाहरूको आवाज समाजले सुन्नु आवश्यक छ। तर, मूलधारको मिडियामा उनीहरूको पहुँच कम भएका कारण उनीहरू अभिव्यक्तिका लागि सामाजिक सञ्जालमा भर परिरहेका छन्। नेपाल समाचारपत्रले युवाका आवाजलाई मूलधारमा ल्याउनेछ।
- वैज्ञानिक आविष्कार, सूचना प्रविधि, स्वास्थ्य सरोकार, जलवायु परिवर्तन, सामाजिक न्याय, खेलकुद, मनोरञ्जन, सौन्दर्य प्रशाधन आदि विषयमा रहेको उनीहरूको रुचिलाई हामी प्राथमिकता दिनेछौं।
- संक्षिप्त र बुँदात्मक प्रस्तुतिका साथै सफा र सरल साजसज्जामा हामी उनीहरूको चाहना र आवश्यक्ताबमोजिम खुराक पस्कने छौं।
- सूचना प्राप्त गर्ने क्रमका साथै बुझाइ र सिकाइ तथा अभिव्यक्तिमा भाषा अवरोध नबनोस् भन्नाका खातिर हामी भाषागत विविधताका साथ प्रस्तुत हुनेछौं।
- आम सञ्चारका चार काम सूचना, शिक्षा, अभिप्रेरणा र मनोरञ्जनलाई युवाको रुचिअनुसार सन्तुलित रूपमा प्रस्तुत गर्नेछौं।
- कामना प्रकाशन पारिवारिक खुराक पस्किन अनुभवसिद्ध छ। युवाका लागि दिइने हरेक सामग्रीमा पारिवारिक सुसम्बन्धको सुवास आउने छ।
- जेन-जी पहिलो डिजिटल पुस्ता हो भन्ने हामीलाई थाहा छ। पुरानो पुस्ताले नयाँ पुस्ताको आवश्यकता नबुझ्दा पुस्तान्तरणको खाडल गहिरो हुन सक्छ। यो खाडल पुर्न पनि हामी इमानदार भएर काम गर्नेछौं।

नेपालको पत्रकारितालाई व्यावसायिक बनाउन कामना न्यूज पब्लिकेसन्स्को उल्लेख्य भूमिका रहेको सर्वविदितै छ। चार दशकअघि कामना मासिक शुरू गर्दादेखि नै यसले पत्रकारितामा नयाँ-नयाँ प्रयोग थालेको हो। अभिनय र संगीतमा आधारित पत्रकारिता कामना होस् वा खोज र अनुसन्धानमूलक पारिवारिक खुराक साधना होस्, तत्काल तातो-तातो समाचारले महानगरवासीको सेवा होस् वा दलीय राजनीतिभन्दा माथि उठेको पत्रकारिताको स्वाद होस्, विविधता पस्कन हामीले नै शुरू गरेकामा हामीलाई सन्तुष्टि पनि छ।

यतिखेर हामीले जेन-जी समूहका लागि भूमिका निर्वाह गर्नुपर्ने कर्तव्यबोध गरेर उनीहरूको रुचि, चाहना र छनोटका सामग्रीका साथ पत्रकारिता गर्ने निर्णय लिएका छौं। युवाका आवाज बाहिर ल्याउने र उनीहरूलाई राज्यले नै महत्व दिने स्थानसम्म पुऱ्याउने अठोट गरेका छौं। ताकि सबै पुस्ताको हित होस् र अन्ततोगत्वा राष्ट्रको आवश्यकता पूर्ति होस्।

अब कामना न्यूज पब्लिकेसन्स्को पत्रकारितामा युवाको अनुहार मुखरित भएर आउने छ- अग्र भागमा हँसिलो र गौरवपूर्ण छविका साथ। प्रकाशन-प्रसारणका सामग्रीहरू कि त उनीहरूका लागि हुनेछन् कि अन्य पुस्तालाई युवाको आवश्यकता जानकारी गराउनका लागि हुनेछन्। युवाका अभिभावकले ती सामग्रीमा आफ्ना सन्ततिका रुचि, चाहनाहरू प्रस्फुटन भएको पाउने छन्।

सामाजिक उत्तरदायित्वको सिद्धान्तलाई पूर्ण रूपले व्यवहारमा उतार्दै भविष्यमा देश हाँक्ने आजका युवालाई नै केन्द्रित गरी उनीहरूलाई सक्षम, दृढ, अनुशासित र आत्मविश्वासी बनाउने हाम्रो उद्देश्य हो। यो नयाँ प्रयोगमा सबै पक्षबाट आत्मीयताका साथ माया र सहयोग पाउने विश्वास लिएका छौं। यस घडीमा समय र प्रविधिमा आएको परिवर्तन र त्यसले बदलिएको आम पाठक वर्गको रुचिलाई सम्बोधन गर्दै पत्रिकालाई अझै नवप्रवर्द्धनात्मक किसिमले अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौं। साथै आजसम्म हामीलाई प्राप्त सहयोग र सद्भावका लागि श्रद्धेय आम पाठकप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यो सहयोग र सद्भावमा निरन्तरता रहने विश्वास लिएका छौं।

दिरेक लाल श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत तथा
प्रबन्ध सम्पादक


# काठमाडौं उपत्यकामा असुरक्षित बन्दै हाइकिङ

- २ करोडको हेरोइन लुटिएपछि लुटेराद्वारा सर्वसाधारणलाई यातना
- लुटेरा समूहका कारण सहरमा असुरक्षित महसुस
- एकान्त र प्रहरी प्रशासनको पहुँचभन्दा बाहिर मौलायो अपराध कर्म

भिडियोका लागि स्क्यान गर्नुहोस्

दीपक रिजाल, काठमाडौं

सहरको अस्तव्यस्त जीवनबाट एकछिन भए पनि छुटकारा पाउन फुर्सदको समयमा जंगलतिर हाइकिङ जाने राजधानीमा ठूलै जमात रहेको छ। हप्ताभरिको थकान पनि मेटिने र केही घण्टाका लागि भए पनि प्रकृतिसँग रमाउन युवा युवतीदेखि वृद्धवृद्धासम्म हाइकिङ जाने गरेको पाइन्छ। हुल बाँधेर जाने समूहभन्दा पनि मन मिल्ने एक दुईजना चाहे युवा पुस्ता हुन् चाहे पाका उमेरका हुन् सबैजसो बिदाको दिन पारेर उपत्यका वरपर रहेका डाँडाकाँडामा प्रकृतिसँग रमाउन जाने गरेका छन्।



तर, अहिले हाइकिङ जानेहरू नै असुरक्षित हुन थालेका छन्। पछिल्लो एक महिनामा त्यसरी हाइकिङ जाने समूहमाथि एउटै विधि प्रयोग गरेर लुटपाट गर्ने गिरोह सक्रिय रहेको चम्पादेवी घटनाका पीडित अमृत शर्माले जानकारी दिनुभयो। लुटेराको समूहले सहरमा असुरक्षित महसुस गर्न थालेपछि लुटपाट गर्न एकान्त र प्रहरी प्रशासनको पहुँचभन्दा बाहिर भएको ठाउँमा आफ्नो अपराध कर्मलाई अघि बढाएको देखिएको सो घटनाको अनुसन्धान गरिरहेका एक प्रहरी अधिकृत बताउँछन्।

गएको असार १५ गते शनिबार हाइकिङका लागि दक्षिणकाली, फर्पिङ, चम्पादेवी, दूधपोखरी, हात्तीवन वरपर पुगेकाहरूमाथि लुटेरको समूहले चरम यातना दिएर नगद लुटपाटदेखि मोबाइल, सुनका गरगहना लुटेनन् मात्र उनीहरूलाई बाँधेर कुटपिटसमेत गरेपछि प्रहरीलाई यो घटना अहिले चुनौतीको रूपमा खडा भएको छ। चम्पादेवीमा जुन टेक्निक अपनाएर लुटपाट भयो त्यही टेक्निक लगाएर सोही समूहले बूढानीलकण्ठ, शिवपुरी हाइकिङमा गएका माथि कुटपिट र लुटपाट गरेपछि प्रहरी थप सशंकित भएको छ।

काठमाडौं प्रहरी परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले भन्नुभयो- 'पछिल्लो समय हाइकिङ जानेमाथि लुटेराको समूहले एउटै विधि प्रयोग गरेर लुटपाट गरेको पाइएको छ, हामी अहिले त्यसलाई सूक्ष्म ढंगले अनुसन्धान गरिरहेका छौं।' उहाँले लुटेरा चाँडै प्रहरीको नियन्त्रणमा आउने दाबी गर्नुभयो।

यो समूह लुटपाट मात्र नभएर लागूऔषधको कारोबारी पनि भएको आशंका प्रहरीले गरेको छ। असार १५ गते चम्पादेवीमा भएको लुटपाटका क्रममा लुटेराको समूहले हाइकिङ आएका समूहलाई नियन्त्रणमा लिने क्रममा एक युवालाई तिमीहरूका कारण बानेश्वरबाट २ करोडको हाम्रो सेतो हेरोइन प्रहरीले नियन्त्रणमा लिएको भन्दै ती युवालाई मरणासन्न हुने गरी कुटपिट गरेपछि यो गिरोह फरार भएको थियो। सोही समूहले सेतीदेवी मन्दिरका पुजारीलाई समेत नियन्त्रणमा लिएर भक्तजनले चढाएको भेटी लिएर जाने तँ बूढो होइनस् भन्दै मरणासन्न हुने गरी कुटपिट गरेको पीडित पुजारीले बताए।

'बोले मार्छौं भन्यो केही नबोली बसेका हामीलाई पनि पाता फर्काएर बाँध्यो, हामीसँग केही पैसा थियो त्यो लिएपछि उनीहरूले पालैपालो चम्पादेवी हुँदै हाइकिङ जाने मानिसहरूलाई समात्दै ल्याउँदै हतियार देखाएर लुटपाट मच्चायो' -पीडित कृष्ण तामाङले नेपाल समाचारपत्रसँग भन्नुभयो।

(क्रमशः पृष्ठ ५ मा)

# प्रधानमन्त्री ओलीका पक्षमा दुईतिहाइ

जीवन शर्मा, काठमाडौं

प्रधानमन्त्री केपी ओलीले संसद्बाट दुईतिहाइ बहुमतसहित विश्वासको मत पाउनुभएको छ। संसद्को प्रमुख दल नेपाली कांग्रेसको मुख्य साझेदारीमा गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएका ओलीले आइतबार सदनबाट विश्वासको मत पाउनुभएको हो।

कुल सहभागी २ सय ६३ सांसदमध्ये प्रधानमन्त्री ओलीले १ सय ८८ मत प्राप्त गर्दा उहाँको विपक्षमा ७४ जनाले मतदान गरे भने १ सांसद तटस्थ बसेका छन्।

(क्रमशः पृष्ठ ५ मा)

## भ्रष्टाचार गर्दैनौं, गर्न दिँदैनौं : ओली

प्रधानमन्त्री ओलीले आफ्नो सरकारले भ्रष्टाचार नगर्ने र कसैलाई भ्रष्टाचार गर्न नदिने प्रतिबद्धता जनाउनुभएको छ। प्रतिनिधिसभा विश्वासको मतको प्रस्ताव पेस गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो- 'एउटा कुरा दुनियाँका अगाडि र दुनियाँले सुन्ने गरी भन्न चाहन्छु- भ्रष्टाचार गर्दैनौं। भ्रष्टाचार सहन्नौं, कसैलाई भ्रष्टाचार गर्न दिन्नौं।'

(क्रमशः पृष्ठ ५ मा)



**विश्वासको मत**
२०८१ साउन ६

| | |
|---|---|
| मत प्रक्रियामा सहभागी | २६३ |
| पक्षमा | १८८ |
| विपक्षमा | ७४ |
| तटस्थ | १ |

# बालेन्द्रको कामविरुद्ध सडकमा कार्यालय

ईश्वरराज ढकाल, काठमाडौं

उच्च अदालत पाटनको आदेशपछि जुद्ध सालिकदेखि इन्द्रचोकसम्मको बाटोको क्षेत्रफल घटाएर फुटपाथ बढाउन थालेको विरोधमा वडाअध्यक्षले सडकमै कार्यालय सञ्चालन गरेका छन्।

कामपा-२२ का अध्यक्ष चिनीकाजी महर्जनले फुटपाथ बढाएर सडकको क्षेत्रफल घटाउने निर्णय फिर्ता नलिएसम्म आन्दोलन जारी राख्दै सडक छेउमा कार्यालय स्थापना गर्नुभएको छ।

(क्रमशः पृष्ठ ५ मा)

# विश्वको भविष्य निर्धारण गर्ने 'जेन जी'

लक्ष्मण अधिकारी, काठमाडौं

स्मार्ट फोनको स्क्रिनमा औंलाहरू दौडाएर सामाजिक सञ्जालमा बस्सिन, सल्टी, डब्लु, स्न्याक भनेर कमेन्ट हान्ने र पढ्ने गरुन्जेलसम्म त संसारभर बस्ने मानिसहरूको ठूलो समुदाय आफ्ना साथी र शुभचिन्तक हुन् भनेजस्तो लाग्छ। भर्चुअल संसार नै वास्तविक संसार हो कि भन्ने भान पनि पर्न सक्छ। तर फोन बन्द गरेर सोच्दा भेट्ने सक्नेखालको कुनै साथी वा कसैको साथ पाइँदैन।




यतिखेर छिमेकी र आफन्तलाई नचिन्ने मात्र होइन, घरमा के भइरहेको छ त्योसमेत पत्तो नपाउने, मानसिक तनाव र भावनात्मक विचलनमा परेका किशोरकिशोरीको एउटा ठूलो समूह हुर्किँदै छ, जो आफूलाई 'जेन जी' अर्थात् जेनेरेसन जेड भन्न रुचाउँछ। इन्टरनेटमा जुम गरिरहने पुस्ता भएकोले जुमर्सबाट जेड लिएर 'जेन जी' प्रचलनमा ल्याइएको हो।

विभिन्न विद्वानहरूले यो जेन जीको समयावधिलाई एकदुई वर्ष अघिपछि गरेर उल्लेख गरे तापनि अमेरिकी मनोवैज्ञानिक डा. जेन ट्वङ्गेले आफ्नो पुस्तक 'जेनेरेसन'मा विभिन्न पुस्ताहरूको विभाजनको क्रममा सन् १९९५ देखि सन् २०१२ का बीच जन्मिएको पुस्तालाई 'जेन जी' भनेर उल्लेख गरेकी छन्। उनले सन् १९६५ देखि १९७९ को बीचको पुस्तालाई 'जेन एक्स', १९८० देखि १९९४ विचकोलाई 'जेन वाई' र २०१२ पछिको पुस्तालाई 'जेन अल्फा' भनेर उल्लेख गरेकी छन्।

जेन जी पुस्ता जन्मिँदा नै विश्वमा इन्टरनेट र स्मार्ट फोन प्रचलनमा आइसकेको थियो। यो पुस्ता भनेको कलिलै अवस्थादेखि इन्टरनेट, स्मार्ट फोन र सामाजिक सञ्जाल प्रयोग गर्दै हुर्किएको पुस्ता हो।

(क्रमशः पृष्ठ ५ मा)

नेपाल समाचारपत्र

# लोकसेवा परीक्षाको तयारी सामग्री

तारापसाद ओली
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत)
महान्यायाधिवक्ताको कार्यालय



## वस्तुगत प्रश्नोत्तर

**१. आधुनिक ओलम्पिकका जन्मदाता को हुन् ?**

पियरे डी कुबर्टिन

- ओलम्पिकको मुख्य झण्डामा लेखिएको आदर्श वाक्य
  - तेज, उत्कृष्ट र बलिष्ठ (सिट्स, एलट्स र फोर्टस)
- ओलम्पिक ज्योति जलाउने कम उमेरका व्यक्ति
  - रोविन पेरे (१२ वर्ष)
- आधुनिक ग्रिष्मकालीन ओलम्पिक तीनपटक आयोजना गर्ने शहर
  - लन्डन (बेलायत)
- सन् १९०८ मा लन्डनमा भएको ओलम्पिकमा पहिलोपटक स्वर्ण, रजत र कास्य पदकलाई क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थानका लागि वर्गिकृत गरिएको
- पहिलो आधुनिक ओलम्पिकका खेलकुदका नौ विधा
  - एथलेटिक्स, साइक्लिङ, फेन्सिङ, जिम्न्यास्टिक, सुटिङ, पौडी, टेनिस, भारोत्तोलन र कुस्ती
- ओलम्पिकमा मसाल रिलेको शुरुआत
  - सन् १९३६
- अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको महिलो महिला उपाध्यक्ष
  - अनिता एल डिफ्रान्टेज
- ग्रिस्मकालीन र शीतकालीन दुवै ओलम्पिकमा स्वर्ण पदक जित्ने एकमात्र खेलाडी
  - एडवर्ड इगन
- ओलम्पिक झण्डामा लेखिएको तेज, उत्कृष्ट र बलिष्ठका प्रतिपादक
  - रेम फादर डिडोन
- अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अनिवार्य भाषा
  - फ्रान्सेली र अंग्रेजी
- नेपालले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा नेपालको सदस्यता प्राप्ति
  - सन् १९६३ जनवरी १
- ओलम्पिकमा पहिलो स्वर्ण पदक विजेता महिला
  - सारलोट कुपर
- नेपालको ओलम्पिकमा सहभागिताको शुरुआत
  - सन् १९६४
- ओलम्पिकमा स्वर्ण पदक प्राप्त गर्ने नेपाली
  - तेजवीर बुढा
- ओलम्पिकमा कांस्य पदक हासिल गर्ने नेपाली
  - विधान लामा
- ओलम्पिक झण्डाका पाँच रिङका रचनाकार पियरे डी कुबर्टिन
- ओलम्पिकमा खेल्ने कान्छा खेलाडी
  - डिमिट्रिअस लान्ड्रस (ग्रिसका १० वर्ष उमेरका खेलाडी जिम्न्यास्टिक खेलमा सहभागी, तेस्रो स्थान प्राप्त)
- पहिलो आधुनिक ओलम्पिकको प्रायोजक कम्पनी
  - कोडाक कम्पनी
- ओलम्पिक खेल पुनःस्थापनाका लागि लेखिएको कविता
  - डाइलग अफ द डेड (पानागियोटिस सुत्सोसले लेखेको)
- अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले महिलालाई आधिकारीक रूपमा महिलालाई सहभागी गराउने निर्णय गरेको
  - १९१२ को स्टकहोम ओलम्पिक
- ओलम्पिक डे
  - जुन २३
- ओलम्पिक रिङमा रहेका रङहरु
  - नीलो, पहेंलो, कालो, हरियो र रातो (नीलोले युरोप, पहेंलोले एसिया, कालोले अफ्रिका, हरियोले अस्ट्रेलिया र रातोले उत्तर दक्षिण अमेरिकाको प्रतिनिधित्व गर्ने)

**२. कोटिनोस भन्नाले के बुझिन्छ ?**
- ओलम्पिक खेलका विजेतालाई दिइने ओलिभको पातको माला

**३. तेक्वान्दो कुन मुलुकको राष्ट्रिय खेल हो ?**
- दक्षिण कोरिया

**४. हिटलर र यहुदी कृतिका लेखक को हुन् ?**
- बीपी कोइराला

**५. वेल्थ अफ नेसन्स पुस्तकका लेखक को हुन् ?**
- एडम स्मिथ

**६. नेपालले कूटनीतिक सम्बन्ध कायम गरेका मुलुकहरू कति वटा रहेका छन् ?**
- १ सय ८३ (नेपाल र टापु राष्ट्र किरिबाटीबीच सन् २०२४ जुलाई १७ मा कूटनीतिक सम्बन्ध स्थापना भएको)

**७. प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइराला राष्ट्रिय मेलमिलाप नीतिको एजेन्डा सारेर कहिले नेपाल फर्केका थिए ?**
- २०३३ पुस १६ गते

**८. नेपालमा फोटोग्राफीको शुरूआत कसले गरेका हुन् ?**
- डम्बर शमशेर

**९. एडमन्ड हिलारीको पुरा नाम के हो ?**
- सर एडमन्ड पर्सिभल हिलारी

**१०. छिन्नलता पुरस्कार-२०८० प्राप्त गर्ने सर्जकहरू को-को हुन् ?**
- गीतकार वीरेन्द्र पाठक, संगीतकार चण्डीप्रसाद काफ्ले, गायनतर्फ मनिला सोताङ र युवातर्फ गायक भुपु पाण्डे

## विषयगत प्रश्नोत्तर

**१. नेपालको वर्तमान संविधानमा शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तलाई कसरी आत्मसाथ गरिएको छ, चर्चा गर्नुहोस्। "लोकतान्त्रिक पद्धतिको आधारशिला एवं संवैधानिक विधिशास्त्रको अंग"**

पृष्ठभूमि
- राज्यशक्तिको विनियोजन हुने, सबै निकायले आ-आफ्नो काम गर्नुपर्ने सिद्धान्त
- शक्तिको अत्यधिक केन्द्रीकरणलाई अस्वीकार गर्ने मान्यता
- पूर्णशक्ति पूर्णरूपमा भ्रष्ट हुन्ने सिद्धान्त अनुरूप स्वेच्छाचारिताको नियन्त्रणका लागि विकसित अवधारणा
- कानुन निर्माण, कार्यान्वयन र व्याख्याको अधिकार फरक-फरक निकायमा रहनुपर्छ भन्ने मान्यता
- निरङ्कुशताको अन्त्य र नागरिक स्वतन्त्रताको रक्षा गर्ने अस्त्र

कार्यपालिका र व्यवस्थापिका
- बहुमतप्राप्त संसदीय दलको नेता प्रधानमन्त्री हुने
- प्रतिनिधिसभाको सदस्य मात्र प्रधानमन्त्री बन्न सक्ने
- प्रधानमन्त्री र मन्त्री संसद्प्रति उत्तरदायी हुने
- कार्यपालिकाले नियम बनाउन सक्ने
- मन्त्रीलाई सांसदहरुले प्रश्न सोध्न सक्ने
- अधिवेशन चलिरहेको अवस्थामा सांसदलाई पक्राउ नगरिने
- फौजदारी अभियोगमा पक्राउ गर्दा सभामुख/अध्यक्षलाई जानकारी दिइने
- राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिको अनुगमन मूल्याङ्कन संसद्ले गर्ने
- राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको प्रगति बारे संसद्मा प्रतिवेदन पेस गरिने
- सरकारको नीति तथा कार्यक्रम र बजेट संसद्ले अनमोदन गर्ने
- संसद्लाई विधेयक लगायतका विधेयक दिने
- संसद् अधिवेशन सरकारको सिफारिसमा अन्त्य हुने
- सरकारले गरेका सन्धि सम्झौताको अनुमोदन, सम्मिलन संसद्ले गर्ने
- संसदीय समितिहरुले सरकारलाई निर्देशन दिन सक्ने

व्यवस्थापिका र न्यायपालिका
- प्रधानन्यायाधीश सर्वोच्चका न्यायाधीश र न्याय परिषद्का सदस्यहरुको संसदीय सुनुवाइ हुने
- प्रधानन्यायाधीश तथा न्यायाधीशहरुलाई प्रतिनिधिसभाले महाभियोग लगाउन सक्ने
- अदालतको वार्षिक प्रतिवेदन संसद्मा छलफल हुने
- अदालत र संसद्ले आफ्नो अवहेलनामा कारबाही गर्न सक्ने
- अदालतमा विचाराधीन मुद्दामा सदनमा छलफल गर्न नपाइने
- विधायिकाले बनाएको कानुन न्यायपालिकाले बदर गर्न सक्ने
- सदनमा बोलेको र मत दिएका आधारमा अदालतमा कुनै कारबाही नहुने
- सदनको कुनै काम-कारबाही नियमित छ वा छैन भन्ने सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने
- कुनै सदनले दिएको अधिकारअन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारबाही नचल्ने

कार्यपालिका र न्यायपालिका
- संवैधानिक परिषद्को अध्यक्षता प्रधानमन्त्रीले गर्ने
- सरकारले गरेको निर्णयको वैधानिकता न्यायपालिकाले जाँच गर्न सक्ने
- सरकारले बनाएको नियम अदालतले असंवैधानिक घोषणा गर्न सक्ने
- कूटनीतिक सम्बन्ध, वैदेशिक नीति लगायतका विषयमा अदालतले न्यायिक संयमितता अपनाउने
- न्याय परिषद्मा कानुनमन्त्री तथा संवैधानिक परिषद्मा प्रधानन्यायाधीश रहने
- प्रधानन्यायाधीश, न्यायाधीशहरु तथा न्याय परिषद्का सदस्यहरुको पारिश्रमिक सञ्चित कोषबाट बेहोरिने
- आवश्यक बजेट तथा स्रोत साधन कार्यकारीले उपलब्ध गराउने
- नेपाल सरकारमार्फत वार्षिक प्रतिवेदन संसद्मा पेस गरिने
- राष्ट्रपतिको शपथ प्रधानन्यायाधीश र प्रधानन्यायाधीशको शपथ राष्ट्रपतिले गराउने
- सार्वजनिक सरोकारका विवाद मार्फत सरकारमाथि निर्देशनात्मक आदेश जारी हुन सक्ने

निष्कर्ष

शक्ति पृथकीकरण तथा नियन्त्रणको सिद्धान्तले राज्यका तीन वटा अंग एक-अर्काबाट स्वतन्त्र हुने र एक-अर्काको कार्यक्षेत्रमा हस्तक्षेप गर्न नहुने मान्यता राख्दछ। नेपालको संविधानले शक्ति पृथकीकरणको सिद्धान्तका संस्थागत स्वायत्तता, कार्यरत हस्तक्षेप तथा व्यक्तिगत असंलग्नता जस्ता आधारभूत मान्यताहरुलाई आत्मसाथ गरेको देखिन्छ।

**२. बजेट प्रणालीमा सुधार ल्याउन गरिएका प्रयासको चर्चा गर्दै संघीय बजेट निर्माण प्रक्रिया स्पष्ट पार्नुहोस्। "सार्वजनिक आय र व्ययको कानुनी अधिकार"**

पृष्ठभूमि
- मध्यकालीन खर्च योजनाको एक वर्षीय टुक्रा
- सीमित स्रोत साधनलाई अधिकतम सदुपयोग गरी राष्ट्रको सामाजिक, आर्थिक विकास गर्ने दस्तावेज
- मुलुकको अर्थ राजनीतिक दस्तावेज
- एक आर्थिक वर्षभित्र गरिने खर्च र आयका स्रोत उल्लेख भएको दस्तावेज

बजेट प्रणालीमा सुधार ल्याउन गरिएका प्रयासहरु
- संविधानमै बजेट प्रस्तुत गर्ने मिति र विधि किटान
- एलएमबीआईएसको प्रयोग
- एफएमआईएसमार्फत प्रत्येक दिनको खर्चको प्रगति प्राप्त गर्न सकिने
- पेफा याक्सन प्लानको शुरुआत
- एकल खाता कोषको प्रयोग
- बहुवर्षीय ठेक्का प्रणालीको अवलम्बन
- मध्यकालीन खर्च संरचनाको प्रयोग
- अन्तिम चौमासिकमा खर्चको सीमा निर्धारण
- बजेट तर्जुमा दिग्दर्शनको निर्माण
- बजेटको नयाँ वर्गीकरण र कोडिङको अभ्यास
- क्रियाकलापमा आधारित लेखा प्रणाली तथा कम्प्युटरमा आधारित लेखा प्रणालीको अवलम्बन
- पहिलो प्राथमिकताका आयोजनाबाट अन्य आयोजनामा रकमान्तर गर्न नपाइने व्यवस्था
- आयोजना बैंकको अवधारणाको कार्यान्वयन
- स्थानीय तहमा सूत्रको प्रयोग
- प्रदेश र स्थानीय तहले बजेट प्रस्तुत गर्ने मिति कानुनमा किटान
- ठूला आयोजनामा ई-ठेक्का तथा टेन्डरको व्यवस्था
- लैंगिक उत्तरदायित्व बजेट, गरिबी न्यूनीकरण उन्मुख बजेट तथा जलवायु परिवर्तन बजेटको शुरुआत

बजेट निर्माण प्रक्रिया
- बजेटको आकार निर्धारण
  - बजेट प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन गरी अवधारणा पत्र बनाउने
  - स्रोत अनुमान समितिले देशको समष्टिगत आर्थिक स्थिति विश्लेषण गरी बजेट समितिमा पेस गर्ने
  - स्रोत समितिले केन्द्रस्तरको कूल बजेटको आकार र सीमा निर्धारण गर्ने
- बजेट तर्जुमा मार्गदर्शन र सीमा पठाउने
  - मन्त्रालयगत र कार्यालयगत रूपमा बजेटको सीमा र मार्गदर्शन तयार गरी पठाउने
  - प्राप्त बजेट सीमा र मार्गदर्शन आफूअन्तर्गतका विभाग जिल्ला र आयोजनामा पठाउने
- कार्यक्रम तथा बजेट तयार गरी पेस गर्ने (मध्यकालीन खर्च संरचना सहित)
  - सम्बन्धित विभागमा पठाउने
  - विभागले मन्त्रालयले पठाउने
  - मन्त्रालयले राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने
- कार्यक्रम तथा बजेटउपर छलफल गर्ने (त्रि-वर्षीय खर्च प्रक्षेपण सहित)
  - नीतिगत छलफल
  - शीर्षकगत छलफल
  - नीति तथा कार्यक्रम प्रस्तुत
  - मस्यौदाको तयारी
  - बजेटको सिद्धान्त र प्राथमिकताबारे अर्थ समितिमा छलफल
  - बजेटमा समेटिएका नीति तथा कार्यक्रम राष्ट्रिय योजना आयोगबाट स्वीकृति
  - मस्यौदा मन्त्रिपरिषद्मा पेस र स्वीकृत
- बजेट प्रस्तुत गर्ने र संघीय संसद्बाट पारित गर्ने
  - बजेट वक्तव्य - जेठ १५ गते
  - बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन
  - संसद्मा छलफल, पारित र स्वीकृति
- अनुगमन र मूल्यांकन गर्ने
  - मन्त्रालय स्तरमा - मासिक
  - अर्थ मन्त्रालयमा - द्विमासिक
  - गत वर्षको वजेटको वार्षिक मूल्यांकन
  - बजेट कार्यक्रमको अर्धवार्षिक समीक्षा

निष्कर्ष

बजेटलाई कार्यान्वयनयोग्य, जनमुखी र प्रभावकारी बनाउन विभिन्न संवैधानिक, नीतिगत, कानुनी एवं संरचनागत व्यवस्थाहरु गरिएका छन्। बजेट निर्माण र कार्यान्वयनका परम्परागत विधि, तौरतरिका एवं अभ्यासलाई समयसापेक्ष सुधार गर्दै लगिएको छ। जनताको माग, हित, आवश्यकता र आवधिक योजनासँग आबद्ध हुने गरी व्यवस्थित, योजनाबद्ध र कार्यतालिका बमोजिम बजेट तर्जुमा गर्ने गरिएको भए पनि कार्यान्वयन पक्ष अपेक्षाकृत रूपमा कमजोर रहेको अवस्था छ।

**३. नेपालमा वैदेशिक लगानीका लागि खुला नगरिएका क्षेत्र के-के हुन् ? विदेशी लगानी तथा प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन गर्न के गर्नुपर्ला ? व्यावहारिक सुझावहरू प्रस्तुत गर्नुहोस्।**

पृष्ठभूमि

विदेशी लगानी

*विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन-२०७५ ले विदेशी लगानी कर्ताले उद्योग वा कम्पनीमा गरेको देहायको लगानीलाई विदेशी लगानीको रुपमा परिभाषित गरेको छ :-*
- विदेशी मुद्रामा गरिने शेयर लगानी
- उद्योगमा विदेशी मुद्रा वा शेयरबाट प्राप्त लाभांश रकमको पुनः लगानी
- लिज लगानी
- पुँजी लगानी कोषमा गरेको लगानी
- सूचीकृत धितोपत्रमा गरेको लगानी
- नेपालमा संस्थापित कम्पनीको शेयर वा सम्पत्ति खरिद गरी भएको लगानी
- नेपालमा संस्थापित उद्योग वा कम्पनीले विदेशी पुँजी बजारमा धितोपत्र जारी बैंकिक प्रणालीमार्फत प्राप्त भएको लगानी
- प्रविधि हस्तान्तरणद्वारा भएको लगानी
- नेपालमा उद्योग स्थापना र विस्तार गरी कायम भएको लगानी

प्रविधि हस्तान्तरण

*विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन-२०७५ मा प्रविधि हस्तान्तरणलाई उद्योग र लगानीकर्ताबीच देहायको कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरणका रूपमा परिभाषित गरिएको छ :-*
- पेटेन्ट, डिजाइन, ट्रेडमार्क, व्यापारिक ख्याति, प्राविधिक विशिष्टिता, शुत्र प्रक्रिया
- उपयोगको इजाजत, प्राविधिक जानकारी प्रदान वा प्राविधिक ज्ञानको उपयोग
- वैदेशिक प्राविधिक सल्लाहकार व्यवस्थापन तथा बजार सेवा उपलब्ध गराउने वा अन्य प्राविधिक ज्ञान वा सेवा

खुला नगरिएका क्षेत्रहरु

*विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन-२०७५ अनुसार विदेशी लगानी खुला नगरिएका क्षेत्रहरु देहायबमोजिम रहेका छन् :-*
- पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनका अन्य क्षेत्रहरु
- लघु तथा घरेलु उद्यम
- व्यक्तिगत सेवा व्यवसाय
- हात-हतियार, खरखजना, गोलीगठ्ठा बारुद वा विस्फोटक पदार्थ तथा न्युक्लियर बायोलोजिकल तथा केमिकल हतियार उत्पादन गर्ने उद्योग आणविक शक्ति विकीरणजन्य सामग्री उत्पादन गर्ने उद्योग
- घर-जग्गा खरिद व्यवसाय, खुद्रा व्यापार, आन्तरिक कुरियर सेवा, स्थानीय क्याटरिङ सेवा, मनिचेन्जर, रेमिट्यान्स सेवा
- पर्यटनमा संलग्न ट्राभल एजेन्सी, पथ प्रदर्शक, ट्रेकिङ तथा पर्वतारोहण पथ प्रदर्शक, होमस्टे लगायतका ग्रामीण पर्यटन
- आमसञ्चारका माध्यमहरु पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन समाचारको व्यवसाय, राष्ट्रभाषाको चलचित्र व्यवसाय
- व्यवस्थापन सेवा, लेखा, इन्जिनियरिङ, कानुनी परामर्श सेवा र भाषा तालिम, संगीत तालिम, कम्प्युटर तालिम
- ५१ प्रतिशतभन्दा बढी विदेशी लगानी हुने परामर्श सेवाहरु

आवश्यक सुझावहरु
- नीतिगत सुधार
  - कम्पनी ऐन, औद्योगिक व्यवसाय ऐन, हेजिङ, विदेशी विनिमय, दामासाही तथा लिक्विडेसन लगायतका अन्य सम्बद्ध कानुन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी कानुनसँग सामन्जस्यता कायम गर्ने
  - न्यूनतम लगानीको सीमालाई क्षेत्रगत वा स्तर अनुसार पुनरावलोकन गर्नुपर्ने
  - बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी एकीकृत ऐन बनाइनुपर्ने
  - सफल विदेशी लगानीका क्षेत्रहरु पहिचान गरी तुलनात्मक लाभका क्षेत्रको रोस्टर बनाउने
  - विदेशी लगानीको प्रतिबद्धता र वास्तविक लगानीको अध्ययन गरी नीति तर्जुमा गर्ने
- संरचनागत सुधार
  - एकीकृत अनलाइन प्रणालीको विकास
  - संरचनागत सम्बद्धताको निर्माण
  - विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र, अन्तरदेशीय आर्थिक क्षेत्र, आयोजना बैंकहरु तथा औद्योगिक कलस्टरहरुको निमार्ण एवं विकास
- व्यवस्थापकीय सुधार
  - प्रभाव मूल्यांकन तथा अध्ययन अनुसन्धान गरी नीति तर्जुमा गर्नुपर्ने
  - उत्कृष्ट विदेशी लगानीकर्तालाई प्रोत्साहित गर्ने
  - एकल विन्दु सेवा केन्द्रका काम कर्तव्य र अधिकारलाई समेटेर कार्यविधि निर्देशिका जारी गर्ने
  - अनलाइन र प्रविधिमैत्री सेवा प्रवाह गर्ने
  - कर्मचारीहरुलाई व्यावसायिक तालिम प्रदान गर्ने
- प्रक्रियागत सुधार
  - विदेशी लगानीको स्वीकृतिपछि राष्ट्र बैंकको पुन स्वीकृति लिएर लगानीको पैसा भित्र्याउन पाउने व्यवस्था परिमार्जन गरी अटोमेटिक रुटको व्यवस्था गर्नुपर्ने
  - क्रोस-कटिङ इस्युज रहेका फायलहरु निर्देशक समितिले टुंगो लगाउनुपर्ने
  - विदेशी लगानीको स्वीकृतिका लागि स्थानीय तथा अन्य निकायको सिफारिस नचाहिने व्यवस्था गर्ने

**४. स्थानीय प्रशासन ऐन-२०२८ का विशेषताहरू उल्लेख गर्दै जिल्लामा शान्ति सु-व्यवस्था गर्न प्रमुख जिल्ला अधिकारीको भूमिकाको सम्बन्धमा चर्चा गर्नुहोस्।**

पृष्ठभूमि
- स्थानीय प्रशासन सम्बन्धी कानुनलाई एकीकृत गर्न तथा जिल्लामा शान्ति, सुरक्षा, सुव्यवस्था र अमनचयनको वातावरण कायम गर्न स्थानीय प्रशासन ऐन-२०२८ जारी भएको हो।
- शान्ति सुरक्षा कायम गर्न प्रयोजनका लागि सुरक्षा निकायहरुलाई आवश्यकता अनुसार परिचालन गर्न
- स्थानीय प्रशासन सम्बन्धी कामलाइ व्यवस्थित बनाउन

स्थानीय प्रशासन ऐन-२०२८ का विशेषताहरु
- प्रमुख जिल्ला अधिकारीका काम कर्तव्य र अधिकार किटान गरिएको
- शान्ति सुरक्षा कायम गर्न सुरक्षा निकायको परिचालन तथा शक्तिको प्रयोगलाई व्यवस्थित गरिएको
- प्रमुख जिल्ला अधिकारीको नियुक्ति सम्बन्धी विषय स्पष्ट गरिएको
- प्रमुख जिल्ला अधिकारीलाई मुद्दाको कारबाही र किनारा गर्ने अधिकार प्रदान गरिएको
- अधिकार प्रत्यायोजनको विषय उल्लेख गरिएको
- सार्वजनिक सम्पत्तिको अभिलेख र मर्मतमा प्रमुख जिल्ला अधिकारीलाई जिम्मेवारी बनाइएको
- कर्फ्यु आदेश जारी तथा दंगाग्रस्त क्षेत्र घोषणा जस्ता विषयमा स्पष्ट व्यवस्था गरिएको
- जिल्ला सुरक्षा समितिको व्यवस्था रहेको

प्रमुख जिल्ला अधिकारीको भूमिका
- कुनै सभा, जुलुस वा भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई शान्ति भंग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने
- प्रहरीले नियन्त्रण गर्न नसकेकोमा तुरुन्तै आफैं गई वा मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाई शान्ति कायम गराउने
- सम्झाई शान्ति कायम गराउन नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्यास, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने
- सामान्य बल प्रयोगद्वारा शान्ति कायम गर्न नसकिने देखिएमा घुँडामुनि पारी गोली चलाउन आदेश दिने
- गोली चलाउनु अघि भीडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिने
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न समयले भ्याएसम्म लिखित आदेश दिने
- समयले नभ्याएमा मात्र मौखिक आदेश आवश्यकता अनुसार प्रहरी अधिकृतलाई दिने
- मौखिक आदेशलाई बढीमा चौबीस घण्टाभित्र लिखित रूपमा समर्थन गर्ने
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्षः नियन्त्रण र निर्देशनमा रही काम गर्नुपर्ने
- शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा भए गरेका काम-कारबाहीको जानकारी प्रमुख जिल्ला अधिकारीले मन्त्रालयलाई तुरून्त दिनुपर्ने
- मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुने
- कुनै ठाउँमा गम्भीर अशान्ति हुन नदिन कारण तथा आधार खुलाई स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा नेपाली सेनाको मद्दत माग्न सक्ने
- सशस्त्र प्रहरी वा नेपाली सेनाको मद्दत मागेकोमा मन्त्रालयलाई चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनुपर्ने
- निषेधाज्ञा जारी गर्न सक्ने
- हुलदंगा वा अशान्ति भएमा वा हुन सक्ने पर्याप्त आधार भएमा एकै ठाउँमा पाँच जनाभन्दा बढी मानिस जम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्ने

निष्कर्ष

शान्ति सुरक्षा कायम गर्न प्रयोजनका लागि सुरक्षा निकायहरुलाई आवश्यकता अनुसार परिचालन गर्न तथा स्थानीय प्रशासनसम्बन्धी कामलाई व्यवस्थित बनाउन प्रमुख जिल्ला अधिकारीको नेतृत्वदायी भूमिका रहन्छ।

# विश्वभर भाइरल भएका गीत

कलाको कुनै भाषा हुँदैन भन्ने भनाइलाई चरितार्थ गर्दै समय समयमा विभिन्न भाषा र देशका गीत विश्वभर भाइरल भइरहेका हुन्छन्। भाषा नबुझ्े पनि त्यसको धुन वा संगीतका कारण ती गीत विश्वभरका संगीतप्रेमीबीच भाइरल हुने गर्छन्। आजको इन्टरनेट दुनियाँमा कुनै पनि गीत संगीत भाइरल हुन कठिन छैन। तर इन्टरनेटको जमाना शुरू हुनुभन्दा पहिले पनि देश, भाषा र भूगोलको सिमाना चिरेर संसारभर चर्चित भएका केही उदहारण यहाँ प्रस्तुत छन्।

भिडियोका लागि स्क्यान गर्नुहोस्

## ला बाम्बा (१९५८)

**कलाकार : रिची भ्यालेन्स**
**देश : संयुक्तराज्य अमेरिका (मेक्सिकन रुट)**
**विधा : रक एन्ड रोल**
**युट्युब भ्युज : ४२ मिलियन**



मेक्सिकन परम्परागत लोकगीत रक एन्ड रोल विधाको यो गीत विश्वभर निकै भाइरल बन्न पुग्यो। ला बाम्बा १९५० को दशकको अन्तमा एक महत्वपूर्ण सफलता प्राप्त गरेको ल्याटिन संस्कृति र संगीतलाई मूलधारको संगीतको मज्जाको संयोजन गरेको गीत हो।

## लाम्बाडा (१९८६)

**स्वर : लोलवा ब्राच (काओमा)**
**देश: फ्रान्स/ब्राजिल**
**विधा : ल्याटिन पप डान्स**
**युट्युब भ्युज : ६०४ मिलियन**



काओमा ब्यान्डकी गायिका लालवाले गाएको लाम्बाडा बोलको गीत आकर्षक धुन र आकर्षक नृत्य शैलीका कारण अन्तर्राष्ट्रिय रूपमा हिट भएको गीत हो। युरोप र ल्याटिन अमेरिकाभरका संगीत चार्टको शीर्ष स्थानमा पर्न सफल यो गीतको भिडियोमा समुद्र तटका आकर्षक र जीवन्त दृश्य प्रस्तुत गरिएको छ। यही मेलोडीमा बलिउड फिल्म घायलमा सोचना क्या जो भी होगा देखा जाएगा बोलको गीत दुरुस्तै रूपमा निर्माण गरिएको छ र यो पनि हिट नम्बरमा पर्दछ। यस हिट गीतकी गायिका लोलवा सन् २०१७ मा ब्राजिलमा एक जलेको कारमा मृत अवस्थामा फेला परेकी थिइन्।

## स्याडनेस भाग १ (१९९०)


**स्वर : एनिग्मा**
**देश : जर्मनी/रोमानिया**
**विधा : न्युएज**
**युट्युब भ्युज : ११६ मिलियन**



गायक एनिग्माको स्याडनेस पार्ट १ ग्रेगोरियन भजनलाई इलेक्ट्रोनिक बिटमा ढालेर निर्माण गरिएको गीत हो। जसले विश्वभरका स्रोतालाई मोहित गरेको थियो। गीतले युरोपभरिको चार्टमा शीर्ष स्थान हासिल गर्‍यो भने पुरातन र आधुनिक संगीत प्रदर्शन गर्दै न्युएज विधालाई परिभाषित गरेको थियो। गीतले भाषाका अवरोध पार गर्दै र विश्वव्यापी मञ्चमा विविध संस्कृतिलाई एकसाथ ल्याउन संगीतको शक्ति कस्तो हुन्छ भन्ने उदाहरण प्रस्तुत गरेको थियो।

## दिदी (१९९२)

**स्वर : खालिद**
**देश : अल्जेरिया**
**विधा : राई**
**युट्युब भ्युज : ५० मिलियन**



लोकप्रिय गायक खालिदले गाएको दिदी बोलको गीतले राई संगीतलाई अन्तर्राष्ट्रिय मञ्चमा चिनायो। आकर्षक बिट र आधुनिक पपका साथ परम्परागत अल्जेरियन ध्वनि संयोजनको साथ यस गीतले युरोप र मध्यपूर्वमा धेरै लोकप्रियता प्राप्त गरेको थियो। यो त्योबेला पार्टी र क्लबमा बज्ने मुख्य गीत बनेको थियो।

## माकारेना (१९९३)

**स्वर : लस डेल रियो**
**देश : स्पेन**
**विधा: ल्याटिन पप डान्स**
**युट्युब भ्युज : २८६ मिलियन**



ल्याटिन पप विधामा आधारित यस गीतको डान्स क्रेज तुफान जसरी फैलिएको थियो। गीतको सरल, सहज र संक्रामक नृत्य चाल तथा उत्साहित धुनका कारण यो गीत रोजाइको पार्टी गीत बन्न सफल भयो। यो गीत बिलबोर्ड हट १०० मा प्रभावशाली गीतको रूपमा ४ हप्तासम्म अटाउन सफल भएको थियो।

## द केचअप संङ्ग (असेरेजे) (२००२)

**देश : स्पेन**
**स्वर : लस केचप ब्यान्ड युट्युब भ्युज : ३४५ मिलियन**



लस केचपको यो विचित्र र उत्साहपूर्ण गीत यसको संक्रामक कोरस र सजिलै पछ्याउन सकिने नृत्यका लागि, विश्वव्यापीरूपमा भाइरल बन्यो। स्पेनिस पप समूह लास केचअपद्वारा रेकर्ड गरिएको गीत उनीहरूको पहिलो एल्बम हिजास देल टोमाटको प्रमुख एकल गीत थियो। युरोप फुजनलाई हिट बनाएको यो गीत स्पेन, पोर्चुगल, कोलम्बियासँगै बेलायत, इटाली, ग्रीस, फ्रान्स, फिनल्यान्ड, टर्कीलगायत देशको उत्कृष्ट चार्टमा अटाउन सफल भएको थियो।

## ग्याङ्नाम स्टाइल (२०१२)


**कलाकार : साई**
**देश : दक्षिण कोरिया**
**विधा : के-पप डान्स**
**युट्युव भ्युज : ५.२ बिलियन**



दक्षिण कोरीयाली गायक साईको अनौठो र ऊर्जावान् नृत्य ट्र्याकका कारण भाइरल बनेको यो गीतले युट्युबमा एक बिलियन भ्युज पुग्ने पहिलो भिडियोको रेकर्ड बनाएको थियो। कोरियाको सियोलस्थित ग्याङनाम जिल्लाको नाममाथि तयार पारिएको यस गीतले निकै लोकप्रियता पाएको थियो।


## डेस्पासितो (२०१७)

**स्वर कलाकार : लुइस फोन्सी र ड्याडी यान्की**
**देश : पोर्टो रिको**
**विधा : रेगेटन, ल्याटिन पप**
**युट्युब भ्युज : ८.४ बिलियन**



यो गीत पनि विश्वव्यापीरूपमा गीत संगीतका विभिन्न चार्टमा हाबी भयो। यसले केही वर्षसम्म सबैभन्दा बढी हेरिएको भिडियोको स्थान ओगटिरह्यो। मिठो लय र स्मरणीय धुनले यो गीतलाई विश्वव्यापी बनाइदियो।

## बेबी काम डाउन (२०२२)




**स्वर : रेमा र सेलेना गोमेज**
**देश : नाइजेरिया/संयुक्तराज्य अमेरिका**
**विधा : अफ्रोबिट्स, पप**
**युट्युब भ्युज : ९१६ मिलियन**

यो गीतको मनमोहक धुनले अफ्रोबिट्स पपलाई द्रूत गतिमा विश्वव्यापीरूपमा शीर्ष चार्टमा उकाल्यो। गीतले सामाजिक सञ्जालमा सनसनी मच्चायो भने स्पोटिफाई र युट्युबजस्ता प्लेटफर्ममा लाखौंपटक स्ट्रिम भएको थियो।

### कलाकर्मीलाई मिथिलाको गुरुदक्षिणा

# नगदसहित ४ कलाकर्मी पुरस्कृत



ख्यातिप्राप्त अभिनेत्री तथा कुशल नृत्य कलाकार मिथिला शर्मा बोहराले गीत संगीत, अभिनय र नृत्यका आफ्ना गुरुहरूलाई गुरुदक्षिणा चढाउन उनीहरूका नाममा पुरस्कार स्थापना गरेर कलाकर्मीलाई अर्पण गरेकी छन्।

मिथिलाले आइतबार गुरु पुर्णिमाको अवसर पारेर राजधानीमा एक कार्यक्रम आयोजना गरी आफ्ना गुरुहरूको नाममा स्थापित पुरस्कार प्रदान गरेकी हुन्। नेपाल प्रज्ञा प्रष्ठिानमा सम्पन्न कार्यक्रममा मिथिलाले आफ्ना गुरु संगीत साधक स्व.गोपाल योञ्जनको नाममा स्थापना गरेको *गोपाल योञ्जन संगीत साधना पुरस्कार* संगीतकार शिलाबहादुर मोक्तानलाई प्रदान गरिएको छ। त्यसैगरी फिल्म लेखक, निर्देशक तथा गीतकार स्व. चेतन कार्कीको नाममा स्थापित *चेतन कार्की गीती वाङ्मय पुरस्कार* गीतकार श्रीपुरुष ढकाललाई प्रदान गरिएको छ। त्यस्तै, हास्य जोडी स्व. राजपाल थापा र स्व. ध्रुवरत्न हाडाको नाममा स्थापित *हाडा एन्ड पाल हास्य वाङ्मय पुरस्कार* हास्य व्यंग्य जोडी मह अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई प्रदान गरिएको छ। पुरस्कारको राशी जनही २५ हजार रुपियाँ रहेको छ।

स्वास्थ्य अवस्थाका कारण कार्यक्रममा सहभागी हुन नसकेका हरिवंशको पुरस्कार भने उनका छोरा मोहित आचार्यले ग्रहण गरे। समारोहमा कलाकर्मीहरूलाई प्रमुख अतिथि पूर्वप्रहरी महानिरीक्षक दुर्लभकुमार थापा, अभिनेता नीर शाह, अभिनेत्रीहरू वसुन्धरा भुसाल, चैत्यदेवी, मिथिला शर्मा, गोपाल योञ्जनकी पत्नी रिन्छेन योञ्जन, चेतन कार्कीकी पत्नी गंगा कार्की, ध्रुवरत्न हाडाकी पत्नी मोहीनी हाडा र राजपाल थापाको छोरा कपिल थापालगायतले पुरस्कार प्रदान गरेका थिए।

कार्यक्रममा नेपाल प्रहरी कलाकारको तर्फबाट गुरु वन्दना नृत्यले स्वागत गरिएको थियो। समारोहमा पूर्वप्रहरी महानिरीक्षक दुर्लभकुमार थापाले पूर्वप्रहरी कलाकारहरूको संगठन नेपाल पूर्वप्रहरी कलाकार संघको उद्घाटन गरेका थिए। संघमा क्षेत्रबहादुर गुरुङ संस्थापक संरक्षक, अभिनेत्री मिथिला शर्मा बोहरा वरिष्ठ सल्लाहकार र रामबहादुर थापा संस्थापक अध्यक्ष रहेका छन्।

संस्थापक संरक्षक क्षेत्रबहादुर गुरुङले स्वागत मन्तव्य व्यक्त गरेको समारोहमा बोल्दै अभिनेत्री मिथिला शर्मा बोहराले अग्रजले कला साहित्य संगीत, नृत्य हास्यलगायतका विधामा रचेको इतिहासलाई अगाडि बढाउने बताइन्। 'मेरो कलाकारिता यात्रा ९/१० वर्षको उमेरमा महेन्द्र पुलिस क्लबको स्टेजबाट भएको थियो। त्यतिबेला राजपाल थापा, ध्रुवरत्न हाडा, चेतन कार्कीलगायत मेरो गुरुमात्र नभई मार्गदर्शक पनि हुनुहुन्थ्यो। अझ चेतन सर त अभिभावक पनि हुनुहुन्थ्यो। आज उहाँकै कारणले तीन मिनेटको गीतले तीन दशकसम्म यात्रा गर्न सफल भएकी छु,' मिथिलाले विगत सम्झँदै भनिन्।

# ज्ञानेन्द्रले स्वरांकन गरे नमेटिने घाउ




अभिनेता रमित ढुंगानाको निर्माण निर्देशनमा निर्माणाधीन फिल्म *नमेटिने घाउ*मा अभिनय गरेका सांसद ज्ञानेन्द्र शाहीले आफ्नो पात्रको स्वरांकन गरेका छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीसमेत देखिने फिल्मका लागि ओलीले पनि स्वरांकन गर्ने निर्देशक ढुंगानाले बताए। एसिड सर्भाइभरको वास्तविक जीवनमा आधारित फिल्ममा एसिड आक्रमणमा परेका ३३ पीडितको कथा समेटेको जानकारी ढुंगानाले गरेका छन्। फिल्म शिवम् अधिकारीले साँढे दुई वर्ष लगाएर लेखेको दाबी गरेका छन्।

मुस्कान खातुन, प्राप्ति पौडेल, इभा गिरी, कमल देवकोटा, सन्दीपबाबु लोहनी, रचना गौतम, प्रभात पाल ठकुरी, आरती आचार्य, अखिल बजगाईं, उपेक्षा न्यौपाने, क्रान्ति शाह, वीरेन्द्र सिंह कुसुहा, लालना चिमोरिया, स्वस्तीमा कार्की, लिजा कोरानी, एलिसा गुरुङ, विशाल देवकोटा, आरजु अधिकारी, आरजु लेखकलगायतले अभिनय गरेको फिल्ममा प्रहरी उपरीक्षकद्वय बाल नरसिंह राणा र कुमुद ढुगेल, प्रहरी निरीक्षक जेआर शर्मालगायत दुई सयभन्दा बढी प्रहरी पनि कलाकारका रूपमा देखिनेछन्। फिल्ममा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल पनि देखिनेछन्।

THIS AD IS FOR GEN Z

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

TAKE A BREAK FROM THE SCREEN

## सम्पादकीय

# भ्रष्टाचार अन्त्य गर्न अभियान थालौँ


मुलुकमा व्याप्त भ्रष्टाचार, कुशासन र कमिसनतन्त्रका कारण आमजनतामा निराशा पैदा भइरहेको छ। साथै पुराना दल र नेताहरूप्रति जनतामा आक्रोश पैदा भइरहेको अवस्था छ। यद्यपि लोकतन्त्र स्थापना गर्नका लागि सबैभन्दा ठूलो भूमिका नै पुराना दल र नेताहरूको छ। लोकतन्त्र स्थापनाका लागि उनीहरूले जे-जस्तो त्याग र बलिदान गरे तर शासन व्यवस्थाको संस्थागत विकासका लागि उनीहरू नराम्ररी चुक्दै आइरहेका छन्। त्यसैले पुराना दल र तिनका नेताहरू अब सच्चिनुको विकल्प छैन। यसका लागि सबैभन्दा पहिला उनीहरूले अनावश्यक लोभलालच त्याग्दै भ्रष्टाचार निवारण गर्न सक्नुपर्छ।

पिकेटीका अनुसार वर्तमानको आवश्यकता पूरा गर्ने, निवृत्तिपछि आफ्नो र सन्ततिको आर्थिक सुरक्षाको सुनिश्चितता गर्ने प्रत्येक मानिसको चाहना हुन्छ, चाहे त्यो सार्वजनिक वा गैरसार्वजनिक क्षेत्रमा नै किन नहोस्। प्रत्येक सार्वजनिक निर्णय र व्यवहारले कुनै न कुनै मूल्य सृजना गर्दछ। त्यसकारण सार्वजनिक अधिकार र गतिविधि बिक्रीयोग्य हुन्छ। अवसरको थाकमा बसेको सार्वजनिक अधिकारीलाई अधिकार बेचेर आर्थिक सुरक्षा प्राप्त गर्ने अपूर्व अवसर प्राप्त भएको हुन्छ। जोन्सटन सरकारलाई पैसाको हात फेर्ने गतिविधिको नियामक हो भन्छन्। यसरी पैसाले हात फेर्दा आफ्नो लागि केही प्राप्त गर्ने अवसर अधिकारीलाई प्राप्त हुन्छ। व्यक्तिगत फाइदासँग शक्तिको साटफेर भ्रष्टाचार हो। सार्वजनिक अधिकारी सार्वजनिक हित प्रवर्द्धनका लागि मात्र नियुक्त भएका हुन्छन्, भ्रष्टाचार गर्न होइन। यस अर्थमा भ्रष्टाचार सार्वजनिक अधिकारीको सामान्य नभई विचलित व्यवहार हो। सदाचार प्रवर्द्धन गर्ने भनेको शक्तिको व्यापार गर्ने असंख्य अवसरबाट घेरिएको निर्वाचित वा नियुक्त सार्वजनिक अधिकारीलाई भ्रष्टाचार गर्नबाट रोक्ने हो।

सर्वकालिक र सार्वभौमिकरुपमा विद्यमान भए पनि भ्रष्टाचार एक सामाजिकरुपमा अनैतिक र आर्थिकरुपमा आपराधिक गतिविधि हो। भ्रष्टाचारले सार्वजनिक लगानीलाई विचलित र नाश गराउँछ, निजी क्षेत्रमा आर्थिक अदक्षता बढाउँछ, सामाजिक सद्भाव खलबल्याउँछ, सरकारमाथिको विश्वास र भरोसा कमजोर पारिदिन्छ भने नागरिकमा निराशाको सञ्चार गराउँछ। भ्रष्टाचारले आर्थिक, सामाजिक, राजनीतिक वा वातावरण सबै क्षेत्रमा नकारात्मक असर पार्दछ। भ्रष्टाचारको व्यापकता भएका नेपालजस्ता कम विकसित मुलुकमा आर्थिक, सामाजिक विकासमा भ्रष्टाचारले महत्वपूर्ण अवरोध पुऱ्याउँछ। भ्रष्टाचारविरुद्ध पाँच दशकअघि नै अग्रसरता लिने दक्षिण एसियाली मुलुक नेपाल हो। भ्रष्टाचार नियन्त्रणको लागि विश्वमा प्रचलित सबै अविष्कारलाई नेपालले अनुशरण गरेको छ तर उपलब्धि निराशाजनक छ। बढ्दो र फैलिँदो भ्रष्टाचार नेपालको विकास प्रयासमा प्रमुख अवरोधक हो।

क्लिजगार्ड भ्रष्टाचार उन्मूलन गर्न नसकिए पनि घटाउनचाहिँ सकिन्छ भन्छन्। सिंगापुर, थाइल्यान्ड, हङकङ आदि देशको अनुभवले छोटो अवधिमा पनि भ्रष्टाचार नियन्त्रणमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने देखाएको छ। यसका लागि कठोर राजनीतिक प्रतिबद्धता, राजनेताको त्याग र बलिदान, भ्रष्टाचार विरोधी निकायको पुनर्संरचना, सम्पत्ति र आम्दानीमा पारदर्शिता, सार्वजनिक अधिकारी र सर्वसाधारणको व्यवहार परिवर्तन अनि भष्टाचार विराधी कानुन कार्यान्वियनमा प्रभावकारिताबाट भ्रष्टाचार घट्ने अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ। त्यसै गरी शासकीय अंगहरूबीच नियन्त्रण र सन्तुलनको व्यवस्था, सार्वजनिक गतिविधिमाथि तेस्रो आँखाको बलियो निगरानी, स्वतन्त्र सञ्चारमाध्यम, नागरिक समाजको संरक्षण र प्रवर्द्धन, निर्वाचन खर्चमा नियन्त्रण, मतदाता शिक्षा, कम खर्चिलो निर्वाचन प्रणाली र सरकार सञ्चालन व्यवस्था, सरकारका गतिविधिमा नागरिकको सहभागिता अभिवृद्धि, प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्था, उदार अर्थ राजनीतिजस्ता उपायले पनि सदाचारिता कायम गर्दै भ्रष्टाचार निवारण गर्न सकिन्छ। त्यसैले नेपालमा पनि भ्रष्टाचार अन्त्य गर्ने विषयलाई प्रमुख राजनीतिक दल र तिनका नेताहरूले गम्भीरतापूर्वक लिएर अभियानको रुपमा अघि बढाउनुपर्छ।

# किन हुन्छ संविधानमाथि आक्रमण ?



गौरीप्रसाद दवाडी

नेपालको संवैधानिक विकासक्रम २००४ सालबाट शुरु भएको हो। त्यसपछि क्रमशः २००७, २०१०, २०१९, २०४७, २०६३ र २०७२ गरी सातपटक संविधान लेख्ने काम भए। राज्यसत्ता आफ्नै पहुँचमा लिने गरी पटक-पटक संविधान संशोधन पनि भए। हरेक संवधानअनुसार राज्य व्यवस्था सत्ताधारीका लागि बनेको भन्ने कुरा ती समयमा गरेका राज्य सञ्चालन प्रक्रियाबाट प्रस्ट हुन्छ। संविधानमुताबिक जनताको जनजीविकाका सम्बन्धमा सम्बोधन भाषणमा मात्र पाइन्छ। निम्नस्तरीय जनताका लागि आश्वासन र अलमल्याउनेबाहेक व्यवहारमा परिवर्तन नआएको विश्वपरिवेशमा देशको गरिबी र मुलुकको आय एवं बजार घाटाले प्रस्ट पार्दछ। जनताको निराशामा केही होला कि भन्ने आशाको त्यान्द्रो सधैँ रहिरह् यो। तर विज्ञानको प्रयोग गर्दै, प्रलोभनको रोटी सेकाउँदै र विभिन्न हतकण्डा अपनाउँदै संविधानमाथि नै आक्रमण गरी सत्ताको भऱ्याङ बनाउने परम्परा नेपाली राजनीतिको संस्कार बनिसकेको छ।

यही परिदृश्य अहिले पनि छर्लंग भएको छ। परिवर्तनकारी शक्ति राजनीतिक परिवर्तनको स्वाद चाखेर सत्तामा रजाइँ गर्दै जनतामा असन्तुष्ट पैदा गरिरहेका छन्। यता जनता निराश छन्। परिवर्तनकारी शक्तिले जनताको नजरमा अनैतिक, भ्रष्ट, निस्कामी हुन् भन्ने मानसिकता बनाएका छन्। पुनरुत्थानवादीहरू पहिलेकै पद्धतिको वकालत गर्दै निराश जनताको भावनामा खेलिरहेका छन्। अर्का नयाँ राजनीतिज्ञहरू पनि प्रपोगण्डासँग जनताको आशा-भरोसाका पात्र बनिरहेछन्। तर उनीहरूको राजनीतिक भिजन र मिसन भनेकै अरुले गर्न सकेनन् भने हामी गर्छौं भन्ने हो।

यसरी जनता विभाजन हुनुमा जनताको सामुन्ने देखाएका महत्वाकांक्षा र गरेका बाचा पूर्ण गर्नुको सट्टा सत्ताधारीका गैरसंवैधानिक चरित्र र आचरण नै हो भन्ने ठोकुवा गर्न सकिन्छ। संविधान फालेर नै सत्ता प्राप्ति गरेकाले अहिले परिवर्तन गर्छ' भन्नेको निशाना पनि २०७२ को संविधानसभाले बनाएको संविधानमाथि नै छ। यो व्यक्तिले गरेको गलत व्यवहार ती व्यक्तिउपर नभई संविधानमाथि छ। संविधान जस्तो बने पनि यसका प्रयोगकर्ता जनतादेखि नेतासम्म नै हुन्। संविधान बदलिएर पनि हाम्रो मानसिकता नबदलिने रहेछ भन्ने कुरा पनि हामीले देखिसकेका छौं। भोट हाल्ने जनता र सत्ता चलाउने नेता यिनै हुन् भन्ने पनि बिर्सनुहुँदैन।

विश्वमानचित्रमा हेर्ने हो भने, सबै किसिमका राजनीतिक प्रणाणीले देश विकास गरेका छन्। लोकतान्त्रिक हुन्, समाजवादी हुन्, साम्यवादी हुन्, सैनिक शासक या राजतन्त्र नै किन नहोस्, सबै खाले प्रणाणी अपनाएका देश धराशायी पनि भइरहेका छन्। अराजकताको हिम्सा पनि सबै प्रणाणीमा देखिन्छ। जहाँ सिस्टम अपनाएर देश र जनताका पक्षमा काम गरे, ती देशले उन्नति गरे। जहाँ सत्ता केन्द्रित, स्वार्थ केन्द्रित राजनीति भए, ती पछि परेका छन्। यसबाट देशको विकास दूरदर्शिता भएका व्यक्तिले गर्ने, राजनीतिक अठोटले गर्ने, देश चलाउनेको नैतिकताले गर्ने हो भन्ने प्रस्ट हुन्छ। तर हमीकहाँ व्यक्तिले गर्न नसकेको कर्मलाई निरीह संविधानमा जोडिन्छ। संविधान विघटनको माग गरेर सत्ताको भऱ्याङ चढ्ने चक्रव्यूह रचिन्छ। संविधान फाले पनि घुमिफिरी सत्ताको हालिमुहालीमा पुग्नेहरू उही प्रक्रियामा लागेको हाम्रा सातपटक लेखिएका संविधानपछि चलेका आचरण र व्यवहारले देखाउँछन्। हरेकपटकका राजनीतिक परिवर्तनपछि आएका नेताले नैतिकता गुमाउँदै जानु, स्वार्थको राजनीति फस्टाउनु, जनताको पक्षमा काम गर्न नसक्नु/नचाहनु, नातावाद, फरियावाद, परिवारवाद, आफन्तवाद, गुट विषेशलाई ओहोदामा पुऱ्याउनु नै अहिलेको अस्थिरताको जड हो। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ लागू भएपछि जनतामा केही आशा पलाएको हो। महत्वपूर्ण विषय यो संविधानले नागरिकका समस्या समाधान गर्न मैलिक हकको व्यवस्था गरेको छ तर यसको कार्यान्वयन शून्य भएको छ।

जनताका नाउँमा जारी भएको यो संविधानले जनताको आशा पलायो। समृद्ध नेपाल सुखी नेपालीका नारामा विश्वास गरी उत्साहका साथ जनताले एमाले-माओवादी मिलेको कम्युनिस्टलाई झन्डै दुई तिहाइ मत दिएर विजयी बनाए। जनतामा कम्युनिस्टप्रति मोह जाग्यो, सरकार बन्यो। त्यो सरकारको प्रमुख काम नै संविधान कार्यान्वयन थियो तर जनताका पक्षमा बनेको संविधान कार्यान्वयनमा कुनै वास्ता गरिएन। आन्तरिक विरोध, सत्तासंघर्ष, सत्ता खोस्ने/जोगाउने झगडामा दुई तिहाइ सरकारले झन्डै साढे तीन वर्ष व्यतीत गऱ्यो। संघीय कानुनहरू बनेनन्। कानुनको अभावमा प्रदेश सरकार संघीय सरकारको मातहतमा रहेजस्तै बनाइयो। संघीय सरकारमा हेरफेर हुनासाथै प्रदेशमा समेत अस्थिर हुने वातावरण तयार हुँदै गयो। संविधानले स्थापित मौलिक हक कानुनको अभावमा प्राप्त हुन नसकेको मात्र हैन, व्यवहारमा पनि देखिएन। पञ्चायती सरकारकै निरन्तरताजस्तो सरकारले तानाशाही रुप देखउँदै, ठूला-ठूला भष्टाचार काण्डहरू गर्दै दुई-दुईपटक संसद् विघटन गऱ्यो। लोकतन्त्रमा नै खतरा देखेपछि माओवादी घटकले सरकार छाड्यो। नेकपा एमाले फुट् यो। पार्टी फुटेर ओली सरकार ढल्यो।

यो घटनाले कम्युनिस्टमाथि जनताको आशा, भरोसा टुट्यो। त्यसपछि शेरबहादुर देउवा प्रधानमन्त्री बने। देशमा पुनः तीनै तहको निर्वाचन भयो। निर्वाचनपश्चात् बनेको दाहाल-देउवा गठबन्धन सरकारको अवस्था पनि नाजुक र सत्ता केन्द्रित हुनमै सीमित भयो। यो सरकारले पनि जनताको अवस्था सुधारभन्दा अन्य ममलामा पपुलर हुन खोजेको र जनतामा आशा मात्र बाँडेर दोस्रोपटक स्थिर सरकार दिने बाचाले निर्वाचन सम्पन्न गऱ्यो। निर्वाचन साझेदार माओवादी निर्वाचनको आफ्नै प्रतिद्वन्द्वी एमालेसँग मिलेर सरकार बनायो। पुष्पकमल दाहालको सरकार बन्यो। भ्रष्टाचार अन्त्यको नारा सुनियो। भष्टाचार, तस्करको टुप्पो समातेको छ तर जरा भेट्न सकेको छैन। उल्टै सहमतीय भ्रष्टाचारको आरोप खेपेको छ। जनताको आक्रोश कम गर्न सकेको छैन। संघीयता लागू गर्ने दत्तचित्तता केही देखिँदैन। जनताको जीवनस्तर उकास्ने भन्दा भ्रष्टाचार गरी आर्थिक डामाडोलतर्फ लक्षित गठबन्धनका नाममा दुवै घटक आ-आफ्ना पार्टीका तानाशाह भएका छन्। कार्यकर्ता दुवै पार्टीका रुष्ट छन्।

अहिलेको अवस्थामा जनताको नजरमा नेता खराब हुन् भन्ने मनोविज्ञानको प्रमुख कारण नै संघीय कानुन नबन्नु हो। संघीय कानुन नबन्नाले प्रदेशहरू सरकारको शाखाको रुपमा छन्। संविधानसम्मत शान्ति सुरक्षाको जिम्मा अझै संघीय सरकारमा निहित छ। प्रदेश तथा स्थानीय तहले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न पाएका छैनन्। सिंहदरबार घरघरमा पुऱ्याउने नारा प्रदेशसम्म पनि पुगेको छैन। गाउँपालिका (हालका वडा) मा रहेका अधिकार उल्टो पालिकामा पुगेर जनताले दुःख बेहोरिरहेका छन्। संविधानमा उल्लेख भएका मैलिक हक कार्यान्वयन नहुनाले जनताले पाउने हक कुण्ठित बनाइएको छ। यी सब कारणले सरकार निकम्मा साबित भइरहेछ।

कानुनबेगर जनताका मौलिक हक कुनै कार्यान्वयन हुन सकेका छैनन्। अनिवार्य आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, निःशुल्क स्वास्थ्य उपचार, श्रमको ग्यारेन्टी, सीपयुक्त वैदेशिक रोजगार, मानवअधिकारको ग्यारेन्टीजस्ता जनजीविकासँग जोडिएका विषयहरू कानुनबेगर लागू हुन सक्दैनन्। यिनै कुराले गर्दा जनतामा नैराश्यता उम्लिरहेछ। यसको प्रमुख कारण नै जनता विमुख सरकार रहनु हो। हरेक नियुक्तिमा सरकार आलोचित छ। यसको परिणाममा शुभ संकेत छैन।

संविधान विकासको साध्य हो, साधन होइन। यसको मार्गनिर्देशनमा तीनै तहका सरकारहरू, प्रतिपक्ष, सबै संवैधानिक निकाय र आमजनतासमेत लाग्नु जरुरी छ। यसका लागि संविधान अक्षरशः पालना गरी कार्यान्वयन हुनुपर्दछ। संविधान कार्यान्वयन हुन सकेन भने, नीति-कार्यक्रम, बजेट बनाउँदा संविधानसम्मत हुन सकेन भने जनताले मौलिक हक, संविधानप्रदत अधिकार पाउन नसकेर नकारात्मक स्थिति पैदा हुनु स्वाभाविक हुन्छ। अहिले कांग्रेस-एमाले गठबन्धनको सरकार बन्दा देश पुनः तरंगित भएको छ। गठबन्धनका एजेन्डामध्ये प्रमुख एजेजेन्डा संविधान संशोधन छ। जबकि कार्यान्वयन नै भइनसकेको संविधानको संशोधनको औचित्य के ? भन्ने विषयमा प्रश्न उठेको छ। यसको लठैत जवाफ दिनेबाहेक गठबन्धनका दलसँग जवाफ दिन सक्ने सामर्थ्य छैन। जनताका पक्षमा, देशको पक्षमा काम गर्न नसक्ने अनि दोषचाहिँ आफैँले वनाएको संविधानलाई दिनुको कुनै आधार छैन। संविधानले दिएको मौलिक हक कार्यान्वयन भएर जनताका जनजीविकामा सहजता आएको भए सडकमा आक्रोश देखिने थिएन। संवैधानिक निकायका कानुन बनेर कार्यान्वयनमा आएका भए विभेदको धुवाँ मत्थर भएर निभ्ने अवस्थामा पुग्ने थियो। राजनीतिक दलहरूले संविधानको जनमुखी धारा नै प्रयोग नगरी संशोधनको कुरा उठाउनु कुनै अर्थ छैन, राजनीतिक समाधान छैन।

सरोकार पक्षले संविधान अनुकूल काम नगरेर नै यसभन्दा अधिसम्म बनेका नेपालका संविधान फारिएका हुन्। यो संविधान पनि जसले बनायो उसैबाट विकृत बनाइँदै छ। निरीह संविधानप्रति दोष थोपरेर नेताहरू आफ्नो अनुकूल शासन लम्ब्याई सत्तामा लिप्सिरहने खेल संविधान संशोधनबाट हुने खतरा देखिएको छ। जनभावना विपरीतको वर्तमान अवस्था लम्बिँदै गयो भने सम्पूर्ण अराजक शक्ति संविधानको खिलाफमा लाग्नेछ। आशामुखी जनता पनि पछि लाग्नेछन्। यस अवस्थामा सरकार एक्लिँदै जानेछ र अराजक शक्तिको उदय हुनेछ। यसको शुरुवात देखा परिसकेको छ। अब नेताहरू नसच्चिए संघीय लोकतान्त्रिक गणतन्त्र नै समाप्त हुनेछ। नेतामा परिवर्तन र संविधानको पूर्ण कार्यान्वयन अहिलेको आवश्यकता हो, संविधान संशोधन होइन।

“ जनभावना विपरीतको वर्तमान अवस्था लम्बिँदै गयो भने सम्पूर्ण अराजक शक्ति संविधानको खिलाफमा लाग्नेछ। आशामुखी जनता पनि पछि लाग्नेछन्। यस अवस्थामा सरकार एक्लिँदै जानेछ र अराजक शक्तिको उदय हुनेछ। यसको शुरुवात देखा परिसकेको छ। अब नेताहरू नसच्चिए संघीय लोकतान्त्रिक गणतन्त्र नै समाप्त हुनेछ। नेतामा परिवर्तन र संविधानको पूर्ण कार्यान्वयन अहिलेको आवश्यकता हो, संविधान संशोधन होइन। ”

## सम्पादकलाई चिठी

# शिक्षा राजनीतिभन्दा माथि

**आदरणीय सम्पादकज्यू,**

म हाम्रो शिक्षा प्रणालीमा राजनीतिक संलग्नताको मुद्दालाई सम्बोधन गर्न सम्बन्धित विद्यार्थीको रूपमा लेख्दै छु। गुणस्तरीय शिक्षा र विद्यार्थीको लागि थप केन्द्रित शैक्षिक वातावरण सुनिश्चित गर्न शैक्षिक संस्थाहरूमा राजनीतिक गतिविधिको प्रभावलाई कम गर्न' महत्वपूर्ण छ।

कलेजहरूभित्रका राजनीतिक गतिविधिहरूले प्रायः शैक्षिक प्रक्रियालाई बाधा पुऱ्याउँछ। विभिन्न दलहरूले आयोजना गरेको राजनीतिक कार्यक्रमका लागि कक्षाहरू अवरुद्ध हुँदा मलगायत धेरै विद्यार्थी निराश हुन्छन्। यसले शिक्षाको प्रवाहलाई मात्र असर गर्दैन, विभाजन र विचलनको वातावरण पनि सिर्जना गर्दछ।

जबकि केही विद्यार्थी राजनीतिमा गहिरो रुचि राख्छन् र यी गतिविधिलाई फाइदाजनकरुपमा पाउँछन्, अधिकांश विद्यार्थी जो मुख्यरूपमा आफ्नो अध्ययनमा केन्द्रित छन्, परिणामहरू भोग्छन्। लगातारको राजनीतिक आन्दोलनले विभिन्न राजनीतिमा आबद्ध विद्यार्थीबीच बारम्बार झडप हुने गरेको छ, जसले शैक्षिक वातावरण झनै बिग्रन्छ। केही सार्वजनिक कलेजहरूमा यी राजनीतिक असहमतिहरू हिंसामा समेत परिणत भएका छन्, जसले गर्दा सम्पूर्ण विद्यार्थी संगठनको सुरक्षा र कल्याणमा सम्झौता गर्ने शारीरिक झगडाहरू भएका छन्।

राजनीतिक समूहहरूको संलग्नताले प्रायः शैक्षिक संस्थाहरूलाई वैचारिक द्वन्द्वको रणभूमिमा परिणत गर्छ, जसले यी संस्थाहरूको प्राथमिक उद्देश्य- गुणस्तरीय शिक्षा प्रदान गर्नलाई ओझेलमा पार्छ। फोकस शैक्षिक उत्कृष्टताबाट राजनीतिक प्रतिद्वन्द्वीमा सर्छ, जसले शैक्षिक स्तर र समग्र विद्यार्थी प्रदर्शनमा गिरावट निम्त्याउँछ।

यी चिन्तालाई सम्बोधन गर्न म निम्न कार्यहरू गर्न सुझाव दिन्छु।

राजनीतिक गतिविधिहरू सीमित गर्न'होस् : शैक्षिक संस्थाहरूले क्याम्पसमा राजनीतिक गतिविधिहरू सीमित गर्न स्पष्ट दिशानिर्देशहरू बनाउनुपर्छ। यसले नियमित कक्षा र शैक्षिक कार्यक्रममा हस्तक्षेप नगर्ने सुनिश्चित गर्न राजनीतिक कार्यक्रमहरूको समय र स्थानमा प्रतिबन्ध लगाउने समावेश गर्दछ।

तटस्थ स्थानहरू सिर्जना गर्न'होस् : राजनीतिक छलफल र कार्यक्रमहरूको लागि क्याम्पसमा विशिष्ट क्षेत्रहरू तोक्नुहोस्, शैक्षिक भवनहरूबाट टाढा, अवरोध कम गर्न।

शैक्षिक फोकस प्रवर्द्धन गर्न'होस् : विद्यार्थी संगठनहरू र कलेज प्रशासनहरूलाई शैक्षिक र अतिरिक्त क्रियाकलापहरूलाई प्राथमिकता दिन प्रोत्साहित गर्न'होस्, जसले विद्यार्थीको शिक्षा र व्यक्तिगत विकासमा प्रत्यक्षरूपमा योगदान गर्दछ।

द्वन्द्व समाधान कार्यक्रमहरू : विद्यार्थीहरूबीचको राजनीतिक मतभेदबाट उत्पन्न हुने कुनै पनि विवादलाई सम्बोधन गर्न र समाधान गर्न द्वन्द्व समाधान र मध्यस्थता कार्यक्रमहरू लागू गर्न'होस्।

शैक्षिक संस्थाभित्रको राजनीतिक गतिविधिको संलग्नतालाई कम गरेर सिकाइको लागि थप अनुकूल वातावरण सिर्जना गर्न सक्छौं। यसले आफ्नो अध्ययनमा समर्पित विद्यार्थीलाई मात्र फाइदा पुऱ्याउँदैन, अझ शान्त र उत्पादक क्याम्पस वातावरणलाई बढावा दिनेछ।

म आशा गर्दछु कि तपाईंको पत्रपत्रिकामार्फत मेरो चिन्ता सम्बन्धित निकायको कानमा पुग्नेछ।

**भवदीय**
**कवीन्द्र सिंह**

## पुस्तक चर्चा

# मर्मस्पर्शी गद्य काव्य 'परदेशी'




कवीन्द्र गिरी

पूर्वीय संस्कृत साहित्यमा काव्य विधाका असंख्य कृतिहरू पाइन्छन्। पछिल्लो समय नेपाली भाषामा समेत काव्य रचना गर्ने क्रम बढ्दो छ। यसै क्रममा साहित्यकार एवं पत्रकार सनत गिरी 'गाउँले'द्वारा लिखित 'परदेशी' लघुकाव्य हालै प्रकाशित भएको छ। सरल शब्दमा लेखिएको यो लघुकाव्यले हरेक नेपालीको मन छुने देखिन्छ। जति यो सरसर्ती बगेको छ, त्यति नै मर्मस्पर्शी पनि छ। सजिलै पाठकले बुझ्न र मनन गर्न सक्ने देखिन्छ यो कृति।

यो 'परदेशी' लघु काव्य विदेशमा धन कमाएपछि स्वदेश फर्केर केही गरी आफ्नो कृति राख्न चाहने युवकको परिवेशमा आधारित रहेको छ। यस काव्यमा नायक अर्थात् मुख्य पात्रका रुपमा सञ्चय र नायिकाका रुपमा सजनीलाई स्थान दिइएको छ। कवि गिरीले परदेशीका स्वाभाविक मनोभावनालाई शब्दमा उतार्नुभएको छ यस कृतिमा। उहाँले प्रेम, अनुराग र अन्तरमनका भावनासँगै जीवनकै भोगाइहरूलाई विषयवस्तु बनाएको पाइन्छ। परिवर्तन, सामाजिक एवं सांस्कृतिक परिवेश, प्राकृतिक विम्ब, आपत्-विपत्देखि जीवनका शाश्वत मूल्य-मान्यताका यथार्थ दृश्यलाई यस काव्यमा समाहित गरिएको छ। यसमा भनिएको छ-

*विदेश जाने कुरालाई छाड,*
*यहीँ बसी रमाउँला*
*साहुको भारी बोकेर यहाँ*
*केही पैसा कमाउँला।*
*विदेशमा गई श्रम गरी*
*दुःख नै गर्ने हो*
*गरिबलाई जहाँ गए पनि त्यस्तै*
*आँखा नै तर्ने हो।*




यो कृतिमा कोमलता र सरलता मात्र हैन, लेखन शैली सरल र आम पाठकले बुझ्न कठिनाइ नपर्ने देखिन्छ। देश र समाजलाई कविले गहिरोसँग बुझेको यस कृतिबाट स्पष्ट हुन्छ। कृति पठनीय मात्र छैन, मनोरञ्जन दिन पनि सफल छ। यस कृतिले नेपाली साहित्य क्षेत्रको काव्यिक फाँटमा एउटा इँटा थप्ने काम गरेको छ।

कवि-मनहरू मनोभावना प्रकट गर्न र कल्पनाको आकाशमा सिर्जनाका शब्दहरू कोर्न स्वतन्त्र हुन्छन् नै। परिवेशका परिघटनालाई शब्दमा शैलीगत रुप दिएर तयार गर्नु पनि सिर्जनाकै स्वरुप हो। यसमा आमपाठकका लागि भावनाका शब्दहरूलाई समर्पण गरिएको छ, सम्बोधन गरिएको छ। शब्द संयोजनद्वारा आत्मीयताको प्रवाह गरिएका सिर्जनाहरू ज्यादा भेटिनुले यस कृतिको शीर्षकले सार्थकता वहन गर्न सकेको देखिन्छ।

साहित्यमा सिर्जना र समर्पणको भाव गहिरो हुन्छ, जसलाई एउटा सर्जकले बगाइरहेको हुन्छ। 'परदेशी' लघुकाव्यभित्रका सिर्जनाहरूले भलै कारुणिकता र वियोगान्त भाव बढी बोकेको छ। तर पनि यो काव्य रमाइलो र संयोगान्तरुपमा अन्त्य भएको छ। अन्त्यमा भनिएको छ-

*विदेश अब जान्न म त,*
*यहीँ बसी रमाउँला*
*कृषि उद्योग खोल्छु म त*
*ज्यावल समाउँला।*

वि.सं. २०३० मा काठमाडौँको दहचोकमा जन्मिएका सर्जक गिरी नेपाली पत्रकारिता क्षेत्रमा समेत परिचित व्यक्तित्व हुनुहुन्छ। यो कृतिबारे यसका लेखक गिरीले भन्नुभएको छ- एउटै कृतिले कविलाई अमर बनाउँछ, त्यसैले यो काव्यले मलाई सफल कविका रुपमा परिचय दिनेछ भन्ने मलाई लागेको छ।

कवि एवं गीतकार गाउँलेले यसअघि 'तिम्रो लागि' शीर्षकको गीत-गजल संग्रह प्रकाशित गरिसक्नुभएको छ। यो 'परदेशी' काव्य उहाँको दोस्रो कृति हो।

## सूचना

### पठाउने होइन त चिठी ?

कामना न्यूज पब्लिकेसन्सका प्रकाशनहरू नेपाल समाचारपत्र र अनलाइन प्रकाशन newsofnepal.com ले आफ्ना डिजाइन परिवर्तन गर्नुका साथै जेन जीलगायत विभिन्न नयाँ स्तम्भहरू पनि शुरु गरेको छ।

मुख्यतः स्कुल, कलेज जाने उमेरका किशोरकिशोरीहरू लक्षित सामग्रीहरू पस्किने सन्दर्भमा उनीहरूले भोगेका समस्या तथा भावनालाई उनीहरूकै कलममार्फत उजागर गर्न हाम्रो नियमित स्तम्भ 'सम्पादकलाई चिठी' मा समेत स्थान दिन थालिएको छ। यस स्तम्भमा किशोरकिशोरीहरूले आफ्ना स्कुल, कलेज वा समाजमा भोग्नुपरेका कठिनाइ, अनुभव वा विचारलाई स्थान दिइनेछ। आफ्ना स्कुल, कलेजको व्यवस्थापन वा शिक्षक वा अभिभावकलाई प्रत्यक्षरुपमा भन्न नसकिएका कुरा एवं सुझावहरू यस स्तम्भमा लेखेर पठाउन सकिनेछ। साथै शिक्षक वा अभिभावकहरूले पनि आफ्ना विद्यार्थी वा छोराछोरीलाई सामूहिकरुपमा भन्न चाहेका कुरा लेखेर पठाउनुभएमा यस स्तम्भमार्फत प्रकाशन गर्न सकिनेछ।

प्राप्त स्तरीय सृजनात्मक सामग्रीहरूलाई जेन जीलगायत अन्य स्तम्भमार्फत प्रकाशन गर्न सकिने भएकाले आफ्ना सृजनात्मक सामग्रीहरू अंग्रजी वा नेपाली भाषामा लेखेर तलको ठेगानामा पठाउन आग्रह गरिन्छ। यी प्रत्येक सामग्रीहरू करिब १५० शब्दको हुनुपर्नेछ।

सामग्रीहरू पठाउने ठेगाना :
kamanagenz@gmail.com
- सम्पादक

# सदनमा सशक्त बन्दै प्रतिपक्षी आवाज

प्रकाश श्रेष्ठ, काठमाडौं

संसद्को प्रतिपक्षमा संख्यात्मक सदस्य कम रहे पनि गुणत्मक रूपमा प्रतिपक्षीको आवाज बलियो बनाउने तयारी भइरहेको छ। संसद्का दुई ठूला दल मिलेर सरकार गठनपछि बाँकी साना दलहरू प्रतिपक्षी बेन्चमा एकजुट भएका हुन्। नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता सहकार्यलाई लिएर प्रतिपक्ष कमजोर हुने संशय व्यक्त भइरहे पनि प्रतिपक्षमा रहेका दलका नेताहरूले सरकारका क्रियाकलाप र कार्यशैलीलाई नजिकबाट निगरानी गर्ने बताएका छन्।

पूर्वअर्थमन्त्री एवं नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले अर्थतन्त्र निराशाजनक रहेको भनेर प्रधानमन्त्री ओलीले भनेको कुरा सत्य नरहेको जिकिर गर्नुभयो। ओली नेतृत्वको अघिल्लो सरकारको कार्यशैलीको समेत आलोचना गरेका पुनले तथ्यांकहरूलाई व्यक्ति केन्द्रित र आफू केन्द्रित गरेर प्रस्तुत गरियो भने त्यसले भोलि आफैंलाई 'ब्याक फायर' गर्ने बताउनुभयो। कांग्रेस-एमालेबीचको सत्ता सहकार्यलाई लिएर उहाँले आफ्नै नेताहरूले सरकार चलाउने वातावरण बनाउन आग्रह गर्नुभयो। उपमहासचिव पुनले गिरीबन्धु टी स्टेटलगायतका भ्रष्टाचारको काण्ड लुकाउन कांग्रेस र एमालेले मिलेर सरकार बनाएको आरोप लगाउँदै त्यसको जवाफ आफूहरूले चाहेको बताउनुभयो।

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले सरकार पक्षसँग अंक गणित धेरै छ भन्दैमा त्यसले काम नगर्ने बताउनुभयो। गणितले मात्रै काम गर्ने भएको भए कम्युनिस्ट पार्टी एक्लैले करिब दुईतिहाइ मत ल्याउँदा पनि पाँच वर्ष सरकार चल्न नसकेको स्मरण गराउनुभयो। उहाँले भन्नुभयो- 'अहिले मुलुकमा स्थिरता नहुनु, समावेशी, समानुपातिकमा साना दलहरू ठूला दलको क्रियाकलाप मुख्य कारण हो। साना दलहरूलाई आवश्यक परेको बेला फुटाउनु हुन्छ, साना लोभ देखाएर फाइदासँगै बसाउनु हुन्छ। चलखेल तपाईंहरू गर्नुहुन्छ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जुन जुन व्यक्तिमाथि प्रश्न उठाएको र छानबिन गरिएको थियो उनीहरूलाई नै मन्त्रिपरिषद्मा राखिएको भनी आलोचना गर्नुभयो। प्रधानमन्त्री ओलीले राखेको विश्वासको मतको प्रस्तावमा आफ्ना धारणा राख्दै लामिछानेले कांग्रेस र एमालेले विगतमा एक्लाएक्लै गरेको काम देखिसकेको र अब मिलेर गर्ने काम हेर्न पाइने बताउनुभयो। कांग्रेस र एमालेको गठबन्धनबारे पनि प्रश्न उठाएको भन्दै लामिछानेले प्रश्न गर्नुभयो- 'तपाईंहरूले काम गरेको त ३४ वर्षमा देखिसकेका छौं, तपाईंहरूको कुन नयाँ रूप देख्न बाँकी छ र ?' यसअघिको ओली नेतृत्वको सरकारले शुरूमा जुन संकेत गरेको छ त्यसले झस्काएको लामिछानेले बताउनुभयो। सदनमा प्रतिपक्षको भूमिकालाई सशक्त बनाउने र जनताको अवस्थाको वास्तविकतालाई उठाउने नेताहरूले दाबी गरेका छन्।

## मुख्यमन्त्रीको राजीनामा स्वीकृत

# वागमतीको नेतृत्वमा पहिलोपटक कांग्रेस

नेपाल समाचारपत्र, हेटौंडा

वागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको राजीनामा स्वीकृत भएको छ। प्रदेश प्रमुख यादवचन्द्र शर्माले उहाँको राजीनामा स्वीकृत गर्नुभएको हो। प्रदेश प्रमुख शर्माले अर्को मन्त्रिपरिषद् गठन नभएसम्म कामचलाउ सरकारका रूपमा जम्कट्टेललाई काम गर्न निर्देशन दिनुभएको प्रदेश प्रमुख कार्यालयले जनाएको छ।

प्रदेश प्रमुखले प्रदेशका मुख्यमन्त्री नियुक्तिका लागि नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाका सदस्यलाई नियुक्ति गर्ने प्रयोजनका लागि प्रदेश प्रमुखसमक्ष आफ्नो दाबी मंगलबार बेलुका ५ बजेभित्र पेस गर्न आह्वान गर्नुभएको छ।

प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभा बैठकमा सम्बोधन गर्दै नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्नुभएको हो। प्रदेशसभामा मुख्यमन्त्री जम्कट्टेलले कार्यतालिका रहे पनि राजनीतिक संस्कार विकासका लागि आफूले विश्वासको मत नलिएर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्ने निर्णय गरेको बताउनुभयो। बैठकमा मुख्यमन्त्री जम्कट्टेलले दुई ठूला दलको समीकरणअनुसार नयाँ सरकार बनाउने स्थिति बनिसकेको अवस्थामा आफूले लिने विश्वासको मतले सार्थकता नपाउने जिकिर गर्नुभएको थियो। उहाँले माओवादी केन्द्र अब सशक्त र रचनात्मक प्रतिपक्षको भूमिकामा रहने बताउनुभयो।

आइतबार प्रदेशसभामा जम्कट्टेलले संसदीय राजनीतिमा कांग्रेस, एमाले भन्दा कान्छो भए पनि माओवादी परिपक्व भएको बताउनुभयो। 'तालमेल र समीकरणको फाइदा हाल समीकरण गर्ने दलले लिएको छ,' जम्कट्टेलले भन्नुभयो- माओवादीलाई त घाटा छ। माओवादी अब तपाईंहरूसँग तालमेल गर्दैन। दुई कम्युनिस्ट एक हुने गरी विगतमा चालिएको कदम असफल भएको जम्कट्टेलले बताउनुभयो।

अन्त्यसम्म 'विश्वासको प्रस्ताव सामना गर्ने' बताउनुभएका अल्पमतका मुख्यमन्त्री जम्कट्टेलले पार्टी संसदीय दलको बैठकको सुझावअनुसार प्रदेशसभाबाट राजीनामा घोषणा गर्नुभएको थियो। तत्कालीन सत्तासाझेदार एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएर ५ मन्त्री बाहिरिएपछि मुख्यमन्त्री अल्पमतमा पर्नुभएको थियो।

१ सय १० सदस्यीय प्रदेशसभामा सरकार निर्माणका लागि ५६ मत आवश्यक पर्छ। प्रदेशमा कांग्रेस र एमालेको सहज बहुमत पुग्ने अवस्था छ। कांग्रेसका ३७, एमालेका २७ र राप्रपाका १३ सांसदले मुख्यमन्त्रीलाई विश्वासको मत नदिने औपचारिक निर्णय गरिसकेका थिए। माओवादीका २१, नेकपा (एस) का ७ र हाम्रो नेपाली पार्टीका २ सांसद मात्र मुख्यमन्त्रीको पक्षमा थिए।

माघ ३ मा लिइएको विश्वासको मतमा १ सय ५ जनाको मत उहाँको पक्षमा गएको थियो। एमाले बाहिरिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि जम्कट्टेलले फेरि विश्वासको मतको सामना गर्नुपर्‍यो। २०७९ चैत १० मा दोस्रोपटक विश्वासको मत लिने क्रममा मुख्यमन्त्रीले ६७ मतमात्र प्राप्त गर्नुभयो। तेस्रोपटक विश्वासको मत प्राप्त गर्न भने निकै कठिन भयो।

कांग्रेसको गठबन्धन टुटेर एमालेसँग गठबन्धन बनेपछि उसले सरकारलाई दिएको समर्थन फिर्ता लियो। फागुन २३ कांग्रेसले समर्थन फिर्ता लिएपछि जम्कट्टेलले चैत १९ मा विश्वासको मत लिने कार्यतालिका बनाउनुभयो। उक्त विश्वासको मतका लागि आवश्यक ५६ प्रदेशसभा सदस्यको समर्थन जुटाउन उहाँलाई हाम्रो नेपाली पार्टीका एक प्रदेशसभा सदस्यको अपहरण गरेको आरोपसमेत लाग्यो।

**पहिलोपटक कांग्रेस**

कांग्रेस र एमालेबीच भएको केन्द्रीय भद्र सहमतिअनुसार प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार गठन गरिने भएको छ। नेपाली कांग्रेस प्रदेश संसदीय दलको आइतबार बसेको बैठकले बहादुरसिं लामालाई प्रदेशको मुख्यमन्त्री बनाउने निर्णय गरेको थियो। लामा, कांग्रेस प्रदेश संसदीय दलका नेता हुनुहुन्छ। लामा यसअघि प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री हुनुभएको थियो।

२०४३ सालदेखि विद्यार्थी संगठनबाट राजनीतिमा लाग्नुभएका लामा नुवाकोटको क्षेत्रीय तथा राष्ट्रिय राजनीतिमा सक्रिय हुनुहुन्छ। नुवाकोट क्षेत्र नम्बर-२ (२) मा लामा निकटतम प्रतिस्पर्धी नेकपा एमालेका विजयसिं लामा (तामाङ) लाई ८ हजार १ सय २५ मतान्तरले पराजित गर्दै विजयी हुनुभएको थियो।

उहाँ २०७० मा दोस्रो संविधानसभा निर्वाचनमा तत्कालीन एकीकृत माओवादी (हालको नेकपा माओवादी केन्द्र) का चर्चित नेता स्व. पोष्टबहादुर बोगटीलाई भारी मतले हराएर संविधानसभा सदस्य निर्वाचित हुनुभएको थियो। लामा विभिन्न संघसंस्थामा आबद्ध तथा खेलकुद क्रियाकलापमा पनि सक्रिय हुनुहुन्छ। लामाले २०५४ सालमा गाविस अध्यक्ष बनेर जनप्रतिनिधिको भूमिकामा काम गर्नुभएको थियो।

# लुम्बिनीका मुख्यमन्त्री महराद्वारा राजीनामा

## एमालेका गिरीले नयाँ सरकार गठनका लागि दाबी गर्ने

यमलाल भुसाल, बुटवल

लुम्बिनी प्रदेशमा मुख्यमन्त्री जोखबहादुर महराले पदबाट राजीनामा दिनुभएको छ। महराले आइतबार दिउँसो प्रदेशसभामा सम्बोधनपछि राजीनामाको घोषणा गर्नुभएको हो। सो अवसरमा बोल्दै उहाँले आफू काम चलाउनमा एकछिन पनि बस्न नसक्ने बताउँदै छिटो सरकार गठनका लागि आग्रह गर्नुभयो।

अब बन्ने सरकारलाई शुभकामना व्यक्त गर्दै उहाँले छिटो सरकार गठन गरी मन्त्रिपरिषद्लाई पूर्णता दिन आग्रह गर्नुभयो। केन्द्र सरकारमा सत्ता समीकरण परिवर्तन भएसँगै नेकपा एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री महरा अल्पमतमा पर्नुभएको थियो। नेकपा माओवादी केन्द्र संसदीय दलका नेता महराले आफू अल्पमतमा परेपछि कुनै निर्णय गर्दैन भनेर अडान लिएको र त्यो बाचालाई समेत पूरा गरेको बताउनुभयो। 'घिटीघिटी भएर बस्ने मेरो चाहना थिएन असार मसान्त भएका कारण म बस्नैपर्ने बाध्यता थियो', महराले भन्नुभयो- 'अब असार मसान्त पनि सकिएको छ। नयाँ सरकार गठनका लागि शुभकामना दिन चाहन्छु।' महराले आफू नेतृत्वको सरकारले ल्याएको बजेट कार्यान्वयन हुँदैन कि भन्ने चिन्ता गर्ने वातावरण नबनाउन नयाँ सरकारलाई आग्रहसमेत गर्नुभयो।

केन्द्रमा कांग्रेस-एमाले सत्ता गठनमा लुम्बिनीको नेतृत्व एमालेले गर्ने भनिएको छ। गत चैत २३ गते महरा लुम्बिनी प्रदेशसभामा ८७ सदस्यीय सांसदमध्ये एमालेका २९, माओवादी १०, नागरिक उन्मुक्ति पार्टीका ४, जसपा ३, नेकपा एस १ र स्वतन्त्र सांसद खड्ग बस्नेत गरी ४८ सांसदको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त हुनुभएको हो। ८७ सदस्यीय लुम्बिनी प्रदेश सभामा बहुमतका लागि ४४ सांसदको समर्थन आवश्यक हुन्छ। प्रदेश सभामा एमालेको २९ र कांग्रेसको २७ गरी ५६ सांसद छन्। यसमा साना दलहरूलाई पनि समेट्ने एमाले र कांग्रेसको योजना रहेको छ। लुम्बिनीमा एमालेका २९, कांग्रेसका २७, माओवादी ११, राप्रपा र नागरिक उन्मुक्ति पार्टी ४/४, जनमत पार्टी ३, लोकतान्तिक समाजवादी पार्टी ३, जसपा २ जसपा नेपाल १ नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका एक/एक जना तथा एक जना स्वतन्त्र गरी ८७ प्रदेश सभा सदस्य रहेका छन्।

महराको राजीनामा प्रदेश प्रमुखसमक्ष पुगेपछि प्रदेश प्रमुखले सरकार बनाउन दाबी पेस गर्न आह्वान गरेपछि सोमबार एमाले संसदीय दलका नेता लीला गिरीले सरकारको नेतृत्वसँगै दाबी पेस गर्ने गरी तयारी गरिएको एमाले नेता तुल्सी चौधरीले बताउनुभयो।

### काठमाडौं...

राजधानीका हरेक सडक गल्लीगल्लीमा सीसीटीभी क्यामरा जडान गरेपछि सहरमा आफूलाई असुरक्षित महसुस गर्ने गरेका लुटेराको निसाना साइकल यात्री तथा हाइकिङ गर्नेहरूमाथि परेका छन्।

लुटेराका निशानामा परेकाहरू भन्छन्- 'उनीहरू हतियारसहित समूहमा हिँड्ने एकान्त पारेर व्यक्ति वा समूहलाई कब्जामा लिएर पाशविक ढंगले यातना दिएर उनीहरूसँग भएको सम्पूर्ण सामान कब्जामा लिएपछि आफूहरू सुरक्षित तरिकाले भाग्न सक्ने गरी योजना बनाएको पाइएको छ।' प्रहरीले त्यसरी हाइकिङमा जानेमाथि लुटेराका समूहले एउटै प्रकारले लुटपाट मच्चाएपछि त्यस्तो गिरोहले लुटेर लगेका महँगा मूल्यका मोबाइलहरू नेपाल-भारत सीमा क्षेत्र रक्सौलमा लगेर बेच्ने र भारतबाट नेपाल फर्कंदा लागूऔषध बोकेर राजधानी प्रवेश गर्ने र ती लागूऔषध सयौं युवामाझ पुर्‍याएर उनीहरूको जीवन नै बर्बाद पार्ने काममा सक्रिय रहेको पत्ता लगाएको दाबी गरेको छ।

राजधानीमा संगठित रूपमा रहेका पेशेवर लुटेराको समूहलाई प्रहरीले बेला बेलामा कारबाही गरेर उनीहरूको समूहलाई ध्वस्त पार्ने गरेको भए पनि अहिले आएर सो गिरोह सक्रिय भएको पाइएको छ। सोही गिरोहले शिवपुरी राष्ट्रिय निकुञ्जमा हाइकिङ गएका युवा युवतीलाई हतियार देखाएर उनीहरूलाई नियन्त्रण लिने र हातखुट्टामा डोरीले बाँधेर सबै सामान लुट्ने र प्रतिकार गर्नेमाथि निर्मम ढंगले कुटपिट गरेको पीडित एकराज राईले नेपाल समाचारपत्रलाई बताउनुभयो।

प्रहरीले एकै प्रकारका लुटपाटका घटना हुन थालेपछि प्रहरी वृत्त बालाजु, महाराजगञ्ज, स्वयम्भू, कीर्तिपुर, बौद्ध, सुन्दरीजललगायतका प्रहरी स्टेसनहरूलाई सचेत गराएको छ। प्रहरी परिसर काठमाडौंका प्रमुख रजौरेले हाइकिङको इलाका पर्ने हरेक प्रहरी युनिटलाई सचेत रहँदै त्यसरी घुम्न जानेहरूको सुरक्षामा ध्यान दिन निर्देशन दिएको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीले खास गरी हाइकिङ जानेमाथि एउटै टेक्निक लगाएर लुटपाट र कुटपिटका घटना भएपछि प्रहरीका विभिन्न युनिटबाट अनुसन्धान जारी छ।'

### विश्वको...

अघिल्लो पुस्ताहरूभन्दा शिक्षित, प्रविधिमैत्री र जातीय एवं सांस्कृतिक रूपमा विविधतालाई रुचाउने यो पुस्ताको प्रकृति र वातावरणको संरक्षणमा पनि विशेष रुचि देखिएको छ।

अहिलेसम्मकै सबैभन्दा बढी साधनस्रोत पाएको यो पुस्तालाई सूचना सामग्रीहरूले थिचिएको पुस्ता पनि भनिन्छ। आवश्यक्ताभन्दा बढी सूचना र जानकारीले 'मेन्टल ब्यान्डविथ मिसयुज' भइरहेको र एकैपटक धेरै काम गर्ने 'मल्टि टास्किङ' प्रवृत्तिले यो पुस्ताको कार्य क्षमता अपेक्षित रूपमा उपयोग हुन नसकेको विज्ञहरूको भनाइ छ।

जेन जीहरू दैनिक तीन चार घण्टासम्म इन्स्टाग्राम, फेसबुक, स्न्यापच्याट, टिकटक, ट्विटर, वा ह्वाट्सएपलगायतका सामाजिक सञ्जालमा बिताउँछन्। संसारको जानकारी औंलाको टुप्पामा भएर पनि कतिपय किशोरकिशोरीहरू आफ्नो लागि आवश्यक सामग्री छान्न नसकेर अल्मलिएको अवस्थामा छन्। एकपछि अर्को रिल्समा स्क्रोल गर्दै औंला घिसारिरहेका उनीहरूलाई कुनै बेला आफूले के खोजेको हो भन्ने आफैंलाई पनि थाहा हुँदैन। तर, सँगसँगै कतिपय भने कुनै एक विषयमा घोत्लिएर आफूलाई अब्बल बनाउने दौडमा लागिरहेको पनि हुन्छन्।

सामाजिक सञ्जालमा अक्षरभन्दा दृश्यसँग बढी रमाउने यो पुस्ताको खाना, फेसन र जीवनशैली अघिल्लो पुस्ताभन्दा धेरै भिन्न हुँदै गएको छ। ठूलो नापको कपडा लाउनुलाई स्न्याक अर्थात् सुपर अट्र्याक्टिभ मान्छन् भन्ने अघिल्लो पुस्ताले जंक फुड भनेर पन्छाउँदै लगेको खानालाई बस्सिन अर्थात् एकदमै स्वादिष्ट मानेर खान रुचाउँछन्। हरेक नयाँ ठाउँ र खानाको स्वाद लिनुअघि फोटो खिचेर सामाजिक सञ्जालमा पोस्ट गर्नुलाई ऊ आफ्नो 'डब्लु' अर्थात् जित ठान्छ भने आफूबाहेक अरूले पोस्ट गरेमा त्यसमा ऊ 'सल्टी' अर्थात् इर्ष्यालु हुन्छ।

जातीय र लैंगिक समानताको पक्षधर जेन जीहरू धर्म र परम्पराप्रति त्यति गम्भीर छैनन्। अन्यायलाई सहन नसक्ने उनीहरू भ्रष्टाचार र अन्यायकाविरुद्ध क्रुद्ध भए पनि त्यसलाई चुनौती दिनेगरी राजनीतिमा भने आफैं अघि सरेका छैनन्। तर, मतदान अधिकारको उपयोग गरेर परम्परागत राज्य सत्तालाई चुनौती दिन सक्ने क्षमता भने उनीहरूले प्रदर्शन गरिसकेका छन्। अघिल्लो स्थानीय निकायको चुनावमा काठमाडौंको मेयर बालेन साहलाई जिताउन सशक्त भूमिका निर्वाह गरेर उनीहरूले यस्तो क्षमता प्रदर्शन गरेका हुन्।

यिनीहरू असीमित अवसर भएको समाज परिवर्तनका संवाहक हुन्। उनीहरूको काम गर्ने, सुत्ने समय निश्चित हुँदैन। धेरै समय सामाजिक सञ्जाल र अरू सौखका विषयमा बिताएर अन्तिम समयमा काम फत्ते गर्ने आत्मविश्वास उनीहरूले लिएका हुन्छन्।

जेन जी साधनस्रोत सम्पन्न, ऊर्जावान र प्रविधिमैत्री छन्, तर उनीहरू आफ्नो जीवनवृत्ति अर्थात् 'क्यारियर' र निजी सम्बन्ध अर्थात् 'रिलेसनसिप'मा अस्थिर देखिन्छन्। नेपाली समाजको सन्दर्भमा भन्नु पर्दा कुमारी अवस्थामा विवाह गर्नुलाई धर्म मान्ने पुस्ता र फेरिफेरि 'डेटिङ'मा जाने र 'लिभिङ टुगेदर'लाई आवश्यकता ठान्ने पुस्ता सँगसँगै बाँचिरहेका छन्। जीवनभर एउटा कार्यालयमा काम गरेर पेन्सन खान रुचाउने पुस्ता र एउटै कार्यालयमा धेरै समय नटिक्ने र आफैंले रोजगारी सिर्जना गरेर कुनै कार्यमार्फत् समाजमा प्रभाव छोड्ने चाहना राख्ने पुस्तालाई एउटै कार्यालयमा सँगसँगै काम गर्न भने कठिनाइ परेको देखिन्छ।

जेन जीहरू घर वा कार्यालय बाहिरबाटै काम गर्न, सूचना आदानप्रदानका लागि सामाजिक सञ्जाल वा एसएमएसजस्ता डिजिटल कम्युनिकेसन प्लेटफर्म प्रयोग गर्न रुचाउँछन् भने अघिल्लो पुस्ता भेटेर वा फोनमा छलफल गर्न रुचाउँछन्। यसले दुई पुस्ताबीच असमझदारी सिर्जना भइरहेको छ। जेन जी काम र व्यक्तिगत जीवनलाई सन्तुलित गर्न चाहन्छ। आफ्ना सौखहरू पूरा गर्ने, घुम्न रमाउने, फुर्सद लिएर आराम गर्न चान्छ तर परम्परागत शैलीका कार्यालयहरूमा उनीहरूको चाहनाअनुरूपको सन्तुलन प्रायः नहुने भएकोले कामप्रति वितृष्णा आउने र कतिपय बर्नआउट सिन्ड्रोमको शिकार हुने हुन्छन्। यस्तै गरी जेन जी पुस्ताले आफ्नो क्यारियरको वृद्धि र विकास छिटोछिटो होस्, काममा मोटिभेसन र वरियन्टेसन, कामको निरन्तर फिडब्याक, अध्ययनका अवसर तथा बढी पारिश्रमिक प्राप्त होस् भन्ने चाहना राखेका हुन्छन्। उनीहरू काममा विविधता तथा टिम वर्कमा बढी रुचि राख्छन्।

यस्तै, कारणहरूले गर्दा एकले अर्कोलाई बुझ्न नसक्दा कार्यालयमा मात्र होइन घरमा समेत दुई पुस्ता बीच समस्या परिरहेको छ भने दूरी पनि बढ्दो छ। आफ्नो भावना, विचार र उद्देश्य बुझाएर आफ्ना बाबुआमाको विश्वास जित्न नसक्नु यो पुस्ताको ठूलो कमजोरी हो।

सामाजिक सञ्जालको भित्तामा देखिने जीवनलाई नै वास्तविक जीवन ठान्ने मौन प्रवृत्तिको यो पुस्ताले भाषा र बोल्ने कलामा पनि प्रशस्त कमजोरीहरू देखाउने गर्छ। आफ्नो अधिकांश सञ्चार अनलाइनबाट गर्ने यो पुस्ता बढी नै अन्तरमुखी छ र प्रत्यक्ष कुराकानीमा हडबडाउने प्रवृत्ति देखिन्छ। सामाजिक सञ्जालको सही सदुपयोग गर्न नसक्दा उनीहरूले साइबर बुलिङ, ब्लाकमेलिङलगायत अनेक मानसिक समस्याको सामना गरिरहेका हुन्छन्।

संगीत, सिनेमा, खेलकुद, राजनीति, व्यापार, दैनिक कार्य आदिलाई वास्तविक रूपमा ग्लोबल बनाउने जेन जी पुस्ताको भावना र विचारलाई अघिल्लो पुस्ताले पनि बुझ्न जरुरी छ। जेन एक्स, जेन वाइ र जेन जी पुस्ताबीच पुलको काम गर्ने र जेन जीलाई संबोधन गर्ने सामग्रीहरू पस्किने उद्देश्ले यस प्रकाशन गृहले नयाँ स्तम्भहरू पनि शुरू गरेको छ। किनकि विश्वको भविष्य निर्धारण गर्ने जिम्मेवारी यही पुस्ताको काँधमा हस्तान्तरण हुँदै छ।

### भ्रष्टाचार...

भ्रष्टाचारका सबै विषयहरू अनुसन्धान हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री ओलीले भ्रष्टाचार र अख्तियारको दुरुपयोगसँग जोडिएका विषयको छानबिन तथा अनुसन्धान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। 'यसमा ढुक्क भए हुन्छ', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'कुनै कालखण्डमा भएका भ्रष्टाचार र जोकोही भ्रष्टाचारउपर कानुनी कारबाही अघि बढाउँछौं। भ्रष्टाचारी एक दिन कानुनको कठघरमा पुग्छ भन्ने स्थापित गराउँछौं।' सहकारी पीडितका सम्बन्धमा उचित छानबिन गर्ने र ठगलाई कारबाही अघि बढाउने उहाँको भनाइ छ।

### प्रधानमन्त्री...

नेकपा एमालेका अध्यक्षसमेत रहेका ओली नेपाली कांग्रेसको सहयोगमा असार ३० गते प्रधानमन्त्री पदमा नियुक्त हुनुभएको थियो। प्रधानमन्त्रीमा दाबी गर्दा कांग्रेस र एमालेका १ सय ६६ सांसदको समर्थन थियो। पछि सरकार गठनमा अशोक राई नेतृत्वको जसपा र महन्त ठाकुर नेतृत्वको लोसपा सहभागी भएपछि सरकारमा चार दल सहभागी छन्।

यीबाहेक जनमत पार्टी, नाउपा र उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल समेत सरकारमा आउन चाहे पनि शीर्ष दलहरूले उनीहरूलाई शक्ति बाँडफाँटमा सहभागी गराएनन्। प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रसहित प्रतिपक्षी गठबन्धनमा रहेका रास्वपा, नेकपा एकीकृत समाजवादीले विश्वासको मत दिएनन्। त्यस्तै, सरकारमा सहभागी गराउने कुरामा पर्ख र हेरको अवस्थामा रहेको राप्रपाले समेत सरकारमा जाने अवसर नपाएपछि ओलीको विपक्षमा मतदान गरे। आफूहरूले अघि सारेको संविधान संशोधनको मुद्दामा सघाउन तयार रहेको बताउँदै अहिले विश्वासको मत दिने आधार तयार नभएको अध्यक्ष राजेन्द्र लिङ्देनले बताउनुभयो। २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा बहुमत पुर्‍याउन १ सय ३८ मत आवश्यक हुन्छ।

**दुई दलका सातबुँदे सहमति**

१. आम जनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन र राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार गठन गर्ने।
२. राष्ट्रिय सहमतिको सरकारले संविधान लागू भएपश्चात् अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माणलाई प्राथमिकता दिने।
३. अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्ववासनीय व्यावसायिक वातावरण तयारी गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने।
४. राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि ०८४ मंसिरमा हुने निर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेतृत्व गर्ने।
५. राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार अन्त्य गरी सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार तय गर्न न्यूनतम साझा कार्यक्रम तयार गरी सोही आधारमा सरकार सञ्चालन गर्ने।
६. राष्ट्रिय सहमतिको सरकारका लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताका आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने र अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गर्ने।
७. राष्ट्रिय सहमतिको सरकारको मर्म र भावनाअनुरूप प्रदेश सरकारको गठन गर्ने र जनभावनाअनुरूप प्रदेश र स्थानीय तहमा हुने विकास निर्माणको कार्यलाई तीव्रता दिने।

### बालेन्द्रको...

वडाअध्यक्ष महर्जनले स्थानीयवासीको सल्लाह र सहमतिविपरीत गरेको निर्णय मान्य नहुने उल्लेख गर्दै त्यसको विरुद्धमा बाध्य भएर सडकमै कार्यालय स्थापना गरेको जानकारी दिनुभयो।

एमाले समर्थित वडाअध्यक्षसहित स्थानीयबासीले मेयर बालेन्द्र साहले गरेको निर्णयको चर्को विरोध भएको छ। तीन दिनदेखि सडकमा काम गर्न राखिएको डोजर फिर्ता भएको हो। बिहीबारबाट फुटपाथ बढाएर सडक घटाउन थालेपछि स्थानीयले सडकमै टेन्ट गाडेर आन्दोलनलाई तीव्र बनाएका थिए। कामपाले न्युरोड क्षेत्र फुटपाथ विस्तार गर्न आरोग्य-साइटेक जेभीलाई जेठ २ गतेबाट शुरू भएको ठेक्का चैतसम्म सम्पन्न गर्ने गरी स्वीकृत गरेको थियो। कामपाले २ करोड १८ लाखमा ठेक्का दिएको थियो। सो ठेक्का न्युरोड क्षेत्र वरपरको समेत पर्नेछ।

कामपाले काम स्थगित गर्ने संकेत नदेखेपछि स्थानीयसहितका वडाअध्यक्षले न्युरोडको सडक साँघुरो बनाउन नहुने भन्दै फुटपाथ विस्तारको विरोध गरिरहेका छन्। अदालतको आदेशपछि शुरू भएको काठमाडौंको न्युरोडको फुटपाथ विस्तारको काममा स्थानीयले विरोध गरेका थिए।

विरोधपछि कामपाले निर्माण सामग्री र सवारीसाधन फिर्ता लगेको थियो। डोजर फिर्ता भए पनि काम स्थगित नभएसम्म निरन्तर रूपमा आन्दोलन जारी रहने वडाअध्यक्ष महर्जनको भनाइ छ। वडाअध्यक्ष महर्जनले स्थानीयको रोजीरोटी खोसिने गरी भएको निर्णय मान्य नहुने बताउनुभयो।

महर्जनसँगै कामपामा एमालेबाट प्रतिनिधित्व गर्ने सबै वडाअध्यक्षले विरोध गरेका थिए। कामपाका प्रवक्ता नवीन मानन्धरले सहमतिमै काम गर्नुपर्ने अवस्थामा आपसमा झगडा भइरहेकोमा दुःख व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो- 'यस्तो विषयमा त मेयरले न्युरोड क्षेत्रका वडाअध्यक्षसँग सल्लाह गर्नुपर्थ्यो, हचुवाको भरमा आरोप प्रत्यारोपमा उत्रनु गलत हो।'

महानगरले फुटपाथ विस्तारको निर्णय फिर्ता नलिएसम्म सडकमै बसेर काम गर्ने वडाध्यक्ष महर्जनको भनाइ छ। 'फुटपाथ विस्तार निर्णय फिर्ता नलिन्जेलसम्म २२ वडाका सम्पूर्ण कामकाज धर्मपथ सडकखण्डको नेपाल बैंक जाने बाटोमा धर्नाका लागि बनाएको पालभित्रबाट सञ्चालन गर्नेछौं' -अध्यक्ष महर्जनको भनाइ छ। वडाअध्यक्ष महर्जनसँगै कर्मचारीले समेत सडकबाटै काम जारी राखेका छन्।

अधिकांश वडाअध्यक्षले मेयर साहले तानाशाही प्रवृत्ति देखाएको र उक्त कुरा स्वीकार हुन नसक्ने बताएका छन्। मेयर साहको सम्पदा सल्लाहकार यादवलाल कायस्थले सरोकारवाला स्थानीय जनताको सहमतिबेगर जबरजस्ती गर्न नहुने बताउनुभयो। उहाँले भन्नुभयो- 'फुटपाथ बढाएर बाटो घटाउनु थियो भने स्थानीय जनप्रतिनिधि, सरोकारलावा र स्थानीयवासीसँग कुरा गर्नु अपरिहार्य हुनेछ।'

**ट्राफिक प्रहरीले डोजर हटायो**

काठमाडौं महानगरपालिका प्रहरी प्रमुख राजुनाथ पाण्डेले फुटपाथ निर्माण भइरहेको स्थानबाट आफूहरूले जोडर नहटाएको स्पष्ट पार्नुभएको छ। 'ठेकेदारले पनि हटाएको होइन, हामीले त हटाउने कुरै भएन' -उहाँले भन्नुभयो। उहाँका अनुसार ठेकेदारले काम गरिरहेको थियो। के कारणले हटाएको हो जानकारी भएन।

कामपाले पहिलो चरणमा न्युरोड जुद्ध शालिकदेखि इन्द्रचोकसम्म फुटपाथ विस्तार शुरू गरेको थियो। कामपाले न्युरोड क्षेत्र फुटपाथ विस्तार गर्न आरोग्य-साइटेक जेभीलाई जेठ २ गतेबाट शुरू भएको ठेक्का चैतसम्म सम्पन्न गर्ने गरी स्वीकृत गरेको थियो। कामपाले २ करोड १८ लाखमा ठेक्का दिएको थियो। नगर प्रहरी प्रमुख पाण्डेले महानगरको निर्णय नभई आफूहरूले जोडर र सवारीसाधन फर्काउन नमिल्ने बताउनुभयो। उहाँका अनुसार ट्राफिक प्रहरीले जेब्रा क्रसमा सवारी राख्न हुँदैन भनिरहेको थियो, हामीले सो विषय वास्तै गरेनौं। सवारी आवागमनमा समस्या आएपछि ट्राफिक प्रहरीले हटाएको हुन सक्छ।

## नेपाल पाकिस्तानसँग हार्‍यो

**काठमाडौं, (नेस)**

नेपाल महिला एसिया कप टी २० क्रिकेट प्रतियोगितामा आइतबार पाकिस्तानसँग सहजै ९ विकेटले पराजित भएको छ।

नेपालले दिएको १ सय ९ रनको लक्ष्य पाकिस्तानले १ विकेटको क्षतिमा प्राप्त गरेको थियो। नेपालको यो दोस्रो खेलमा पहिलो हार हो। श्रीलंकामा जारी प्रतियोगिताअन्तर्गत नेपालले पहिलो खेलमा यूएईलाई हराएको थियो।

पाकिस्तानका ओपनरद्वय मुनीबा अली (४६ रन) र गुल फिरोजा (५७ रन) ले १ सय ५ रनको साझेदारी गरेपछि नेपाल पराजित भएको हो। फिरोजाको विकेट कविता जोशीले लिएकी हुन्। पाकिस्तानको दुई खेलमा यो पहिलो जित हो।

यसअघि नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ८ रन बनाएको थियो। नेपालका लागि कविता जोशीले सर्वाधिक ३१ रन जोडे। यस्तै, सीता रानामगरले २६ रन र पूजा महतोले २५ रनको योगदान दिए। नेपालको समूहमा अन्तिम खेल भारतसँग हुनेछ।

# मैत्री खेलमा नेपाल रसियासँग पराजित




**नेपाल समाचारपत्र, काठमाडौं**

काभा नेसन्स लिगका तयारीमा रहेको नेपाली महिला राष्ट्रिय भलिबल टोली रसियन टोलीसँगको पहिलो मैत्रीपूर्ण खेलमा पराजित भएको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषदको कभर्ड हलमा आइतबार भएको खेलमा नेपाली टोली ३-० को सोझो सेटमा पराजित भएको हो। रसिया २५-१७, २५-१९, २५-१५ ले विजयी भएको हो।

सुरुवाती दुई सेटमा नेपालले प्रतिस्पर्धात्मक खेल प्रस्तुत गरेपनि सेटको अन्त्यतिर अंक सुम्पेको थियो। दोस्रो सेटमा एक समय १६-१४ को अग्रतामा रहेको नेपाल अन्त्यतिर भने लय गुमाउन पुग्यो। प्रशिक्षक जगदीश भट्टले तेस्रो सेटमा दोस्रो रोजाइको खेलाडीलाई अवसर दिए।

नेपालस्थित रसियाको दूतावासको विशेष सहयोगमा नेपाल भलिबल संघले मैत्रीपूर्ण खेल आयोजना गरेको हो। दोस्रो खेल सोमबार हुनेछ। साउन १७ गतेदेखि काठमाडौंमा सुरु हुने काभा नेसन्स लिगमा नेपाल, भारत, इरान, श्रीलंका र माल्दिभ्सले सहभागिता जनाउँदै छन्।

### नेपालले सेमिफाइनलमा किर्गिस्तानसँग खेल्ने

काभा यू-२० महिला भलिबल च्याम्पियनसिपमा नेपालले सेमिफाइनलमा किर्गिस्तानसँग खेल्ने भएको छ। लिगको अन्तिम खेलमा श्रीलंकाले किर्गिस्तानलाई ३-२ ले पराजित गरेपछि नेपालले अन्तिम चारमा किर्गिस्तान प्रतिद्वन्द्वी भएको हो। लिगमा अपराजित श्रीलंका ३ खेल जित्दै ८ अंक जोडेर शीर्ष स्थानमा रह्यो।

दुई जित र एक हारबाट ५ अंक जोडेको किर्गिस्तान दोस्रो स्थानमा रहँदा एक जित र दुई हारको नतिजा निकालेको नेपाल ३ अंकसहित तेस्रो र सबै तीन खेल हारेको घरेलु टोली माल्दिभ्स चौथो स्थानमा रह्यो। नेपाल लिग चरणमा किर्गिस्तानविरुद्ध सोझो सेटमा पराजित भएको थियो।

# ओलम्पिकको सबैभन्दा आकर्षण इभेन्ट दौड

## बोल्टको १ सय र २ सय मिटरमा कीर्तिमान

**लन्डन, (एजेन्सी)**

ओलम्पिकमा समावेस खेलमध्ये एथ्लेटिक्स मुख्य रूपमा चासो र आकर्षण रहेको इभेन्ट हो। विशेष गरी १००, २००, ४००, ४ गुणा १०० मिटर रिलेले सबैभन्दा आकर्षित गर्छन्। कीर्तिमान पनि यसै विधामा बढी बन्ने गर्छ।

पुरुषतर्फ युसेन बोल्टको नाममा १ सय र २ सय मिटर दौडको कीर्तिमान रहेको छ। महिलातर्फ अमेरिकाकी फ्लोरेन्स ग्रीफिथ जोएनरले १९८८ मा राखेकी कीर्तिमान भने अहिलेसम्म बनिरहेको छ।

यसपटक पेरिस ओलम्पिकमा महिला र पुरुष गरी ४८ खेलाडीले एथ्लेटिक्समा प्रतिस्पर्धा गर्दैछन्। जसमा, दुबै विधामा २३-२३ जना खेलाडीले पदकका लागि प्रयास गर्नेछन्। यीमध्ये कोही खेलाडीले युसेन बोल्ट र फ्लोरेन्स ग्रीफिथ जोएनरको कीर्तिमान तोड्न सक्ला वा सक्दैनन् त्यो ओलम्पिक शुरु भएपछि नै थाहा होला। अहिले यहाँ केही कीर्तिमान प्रस्तुत गरिएको छ।

### पुरुष १०० मिटर

- जमैकाका छोटो दुरीका धावक उसेन बोल्टले लण्डन २०१२ ओलम्पिकमा ९.६३ सेकेण्डको नयाँ कीर्तिमान राखेको।
- ४ वर्षअघि आफैले राखेको कीर्तिमानमा .०६ सेकेण्डको सुधार गरेको।
- बेइजिङ ओलम्पिक २००८ मा ९.६९ सेकेण्डको नयां कीर्तिमान रचेको।
- यसअघि क्यानाडाका रनर दोनोभान बेलीले १९९६ को एटलान्टा ओलम्पिकमा ९.८४ सेकेण्डको कीर्तिमान राखेको


### महिला १०० मिटर

- जमैकाकी छोटो दुरीकी धाविका एलीन थोम्पसन हेराहले टोकियो ओलम्पिक २०२१ मा १०.६१ सेकण्डको नयाँ कीर्तिमान राखेकी।
- थोम्पसन हेराहले ३३ वर्षको कीर्तिमान तोडेकी।

- यसअघि अमेरिकाकी लिजेन्ड धाविका फ्लोरेन्स ग्रीफिथ जोएनरले सोल १९८८ ओलम्पिकमा १०.६२ सेकेण्डको कीर्तिमान रचेकी।
- फ्लोजो छोटो नामले चर्चित ग्रीफिथ जोएनरले यो क्वार्टरफाइनलमा किर्तिमान बनाएकी।
- तर, फाइनलमा उनले १०.५४ सेकेण्डको समयमा स्वर्ण जितेपनि हावाको वेगलाई कारण देखाई यो समयलाई कीर्तिमान मानिएन।

### पुरुष २०० मिटर

- बोल्टले बेइजिङ २००८ ओलम्पिकमा १९.३० सेकेण्डको कीर्तिमान राखेको।
- बोल्टले १२ वर्षअघि अमेरिकाका माइकल जोनसनले राखेको १९.३२ सेकेण्डको कीर्तिमान तोडेको।
- तर, बोल्टले २००९ मा बर्लिनमा भएको विश्व च्याम्पियनसिपमा १९.१९ सेकेण्डको विश्व कीर्तिमान बनाएको।



### महिला २०० मिटर

- फ्लोरेन्स ग्रीफिथ जोएनरले सोल ओलम्पिक १९८८ मा २१.३४ सेकेण्डको कीर्तिमान राखेकी।
- जोएनरले अमेरिकाकै भालेरी ब्रिस्को हुक्सले १९८४ लस एन्जेलस ओलम्पिकमा राखेको २१.८१ सेकेण्डको कीर्तिमान तोडेकी।

### पुरुष ४ गुणा १०० मिटर

- नेस्टा कार्तर, माइकल फराटर, योहान ब्लेक, युसेन बोल्टसम्मिलित राष्ट्र जमैकाले लण्डन ओलम्पिक २०१२ मा ३६.८४ सेकेण्डको कीर्तिमान राखेको
- जमैकन टोलीले १९९२ मा बार्सिलोनामा भएको कीर्तिमान २० वर्षपछि तोडेको तोडेको
- बार्सिलोना ओलम्पिकमा अमेरिकी टोलीले ३७.४० सेकेण्डको समय निर्धारण गरेको थियो।


### महिला ४ गुणा १०० मिटर

- अमेरिकी टोलीका टियान्ना मेडिसन, एलीसन फेलिक्स, बायान्का नाइट र कार्मेलीटा जेटरले २०१२ लण्डन ओलम्पिकमा ४०.८२ सेकेण्डको कीर्तिमान राखेका।
- यो संयुक्त कीर्तिमान हो। यसअघि १९८० मास्को ओलम्पिकमा पूर्वी जर्मनीको टोलीले यति नै समय निर्धारण गरेर स्वर्ण पदक जितेको।

# हालसम्मका कोपा अमेरिका विजेता र उपविजेता

| वर्ष | आयोजक राष्ट्र | बिजेता | उपबिजेता |
|---|---|---|---|
| १९१६ | अर्जेन्टिना | उरुग्वे | अर्जेन्टिना |
| १९१७ | उरुग्वे | उरुग्वे | अर्जेन्टिना |
| १९१९ | ब्राजिल | ब्राजिल | उरुग्वे |
| १९२० | चिली | उरुग्वे | अर्जेन्टिना |
| १९२१ | अर्जेन्टिना | अर्जेन्टिना | ब्राजिल |
| १९२२ | ब्राजिल | ब्राजिल | पाराग्वे |
| १९२३ | उरुग्वे | उरुग्वे | अर्जेन्टिना |
| १९२४ | उरुग्वे | उरुग्वे | अर्जेन्टिना |
| १९२५ | अर्जेन्टिना | अर्जेन्टिना | ब्राजिल |
| १९२६ | चिली | उरुग्वे | अर्जेन्टिना |
| १९२७ | पेरु | अर्जेन्टिना | उरुग्वे |
| १९२९ | अर्जेन्टिना | अर्जेन्टिना | पाराग्वे |
| १९३५ | पेरु | उरुग्वे | अर्जेन्टिना |
| १९३७ | अर्जेन्टिना | अर्जेन्टिना | ब्राजिल |
| १९३९ | पेरु | पेरु | उरुग्वे |
| १९४१ | चिली | अर्जेन्टिना | उरुग्वे |
| १९४२ | उरुग्वे | उरुग्वे | अर्जेन्टिना |
| १९४५ | चिली | अर्जेन्टिना | ब्राजिल |
| १९४६ | अर्जेन्टिना | अर्जेन्टिना | ब्राजिल |
| १९४७ | इक्वेडर | अर्जेन्टिना | पाराग्वे |
| १९४९ | ब्राजिल | ब्राजिल | पाराग्वे |
| १९५३ | पेरु | पाराग्वे | ब्राजिल |
| १९५५ | चिली | अर्जेन्टिना | चिली |
| १९५६ | उरुग्वे | उरुग्वे | चिली |

| वर्ष | आयोजक राष्ट्र | बिजेता | उपबिजेता |
|---|---|---|---|
| १९५७ | पेरु | अर्जेन्टिना | ब्राजिल |
| १९५९ | अर्जेन्टिना | अर्जेन्टिना | ब्राजिल |
| १९५९ | इक्वेडर | उरुग्वे | अर्जेन्टिना |
| १९६३ | बोलिभिया | बोलिभिया | पाराग्वे |
| १९६७ | उरुग्वे | उरुग्वे | अर्जेन्टिना |
| १९७५ | होम/अवे | पेरु | कोलम्बिया |
| १९७९ | होम/अवे | पाराग्वे | चिली |
| १९८३ | होम/अवे | उरुग्वे | ब्राजिल |
| १९८७ | अर्जेन्टिना | उरुग्वे | चिली |
| १९८९ | ब्राजिल | ब्राजिल | उरुग्वे |
| १९९१ | चिली | अर्जेन्टिना | ब्राजिल |
| १९९३ | इक्वेडर | अर्जेन्टिना | मेक्सिको |
| १९९५ | उरुग्वे | उरुग्वे | ब्राजिल |
| १९९७ | बोलिभिया | ब्राजिल | बोलिभिया |
| १९९९ | पाराग्वे | ब्राजिल | उरुग्वे |
| २००१ | कोलम्बिया | कोलम्बिया | मेक्सिको |
| २००४ | पेरु | ब्राजिल | अर्जेन्टिना |
| २००७ | भेनेजुएला | ब्राजिल | अर्जेन्टिना |
| २०११ | अर्जेन्टिना | उरुग्वे | पाराग्वे |
| २०१५ | चिली | चिली | अर्जेन्टिना |
| २०१६ | अमेरिका | चिली | अर्जेन्टिना |
| २०१९ | ब्राजिल | ब्राजिल | पेरु |
| २०२१ | ब्राजिल | अर्जेन्टिना | ब्राजिल |
| २०२४ | अमेरिका | अर्जेन्टिना | कोलम्बिया |




## तथ्यहरु

- विश्वकप जितेका डिएगो म्याराडोनाले कोपा जित्न नसकेको।
- पेले एकपटक मात्रै उत्कृष्ट खेलाडी (१९५९ )
- लियोनेल मेसी २ पटक उत्कृष्ट खेलाडी (२०१५ र २०२१)
- अर्जेन्टिनाले सर्वाधिक १६ पटक उपाधि जितेको
- १९५९ वर्षमै दुई पटक प्रतियोगिता आयोजना भएको

## कोपाका गोलकर्ताहरु (११ गोलदेखि)

**१७** नोबेर्टो मेन्देज (अर्जेन्टिना)
जिनिन्हो (ब्राजिल)

**१५** तेओदोरो फर्नान्डेज (पेरु)
सेभेरिनो भरेला (उरुग्वे)

**१४** पाओलो गुइरेरो (पेरु)
लियोनल मेसी (अर्जेन्टिना)
एडवार्डो भार्गास (चिली)

**१३** एदेमीर (ब्राजिल)
गेब्रियल बाटिस्टुटा (अर्जेन्टिना)
जाइर (ब्राजिल)
होसे मेन्युल मोरेनो (अर्जेन्टिना)
हेक्टर स्कारोन (उरुग्वे)

**१२** रोबेर्टो पोर्टा (उरुग्वे)
एन्जेलो रोमानो (उरुग्वे)

**११** दीडी (ब्राजिल)
हर्मिनिओ मासान्टानिओ (अर्जेन्टिना)

## १०८ वर्ष पुरानो कोपा अमेरिका

विश्व फुटबलमा दक्षिण अमेरिका छुटाउन नमिल्ने नामको रुपमा परिचित छ। फिफा विश्वकपको २२औं संस्करण सम्पन्न भइसक्दा १० पटक दक्षिण अमेरिकी राष्ट्रले उपाधि आफ्नो पोल्टामा पारिसकेका छन। अझ त्यसमाथि पनि विश्वकप सर्वाधिक पाँच पटक जित्ने टोलीको रुपमा ब्राजिलले कायम गरेको कीर्तिमानले फुटबलको पावर हाउसको रुपमा परिचित युरोपलाई पनि माथ दिएको छ दक्षिण अमेरिकाले। वास्तवमा १५औं शताब्दीतिरबाट स्पेनिस र पोर्चुगिजहरुले उपनिवेश कायम गरेको भएपनि १९औं शताब्दीतिर मात्र दक्षिण अमेरिकामा फुटबलले प्रवेश पाएको देखिन्छ। इतिहासलाई पल्टाउने हो भने ब्रिटिश संस्कृतिको प्रवेशसँगै दक्षिण अमेरिकाले फुटबललाई अपनाएको देखिन्छ।

महादेशीय फुटबल प्रतियोगिताको कुरा गर्नुपर्दा दक्षिण अमेरिकी फुटबल प्रतियोगिता विश्वकै ज्येष्ठ फुटबल प्रतियोगिता समेत हो। दक्षिण अमेरिकी महादेशीय फुटबल पर्व अर्थात कोपा अमेरिकाको इतिहासले १०८ वर्ष पूरा गरेको छ। सन् १९१६ मा पहिलो पटक आयोजना गरिएको यस प्रतियोगिताले एक शताब्दी लामो यात्रा तय गर्दा ४८औं संस्करण पार गरिसकेको छ। सुरुवातमा यसलाई स्पेनिस एण्ड पोर्चुगिज फोर अमेरिका कपबाट सम्बोधन गरिन्थ्यो। त्यसपछि साउथ अमेरिकन फुटबल च्याम्पियनशिप हुँदै कोपा अमेरिका कप फुटबल प्रतियोगिताको नाम धारण गरेकोहो। सुरुवातमा वार्षिक रुपमा आयोजना भएता पनि केही समय पश्चात दुई देखि बढीमा चार वर्षको अन्तरालमा एक पटक आयोजना हुँदै आएको छ।

# डेडिकेटेड फिडर एवम् ट्रंक लाइन विवाद पेचिलो बन्दै

**नेपाल समाचारपत्र, काठमाडौं**

डेडिकेटेड फिडर एवम् ट्रंक लाइन विवाद पेचिलो बन्दै गएको छ। डेडिकेटेड फिडर एवम् ट्रंक लाइन सुविधाबाट लोडसेडिङका बेला विद्युत् उपयोग गरेको बक्यौता रकम नतिरेको भन्दै नेपाल विद्युत प्राधिकरणले लाइन काट्ने र सरकारले जोड्न दबाब दिने क्रम जारी रहेका कारण यो विषय पेचिलो बन्दै गएको हो।

डेडिकेटेड फिडर एवम् ट्रंक लाइन विवाद पछिल्लोपटक प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशकबीच द्वन्द्व सिर्जना गराउने कडीका रूपमा रहेको छ। शुक्रबार प्रधानमन्त्री ओलीले प्राधिकरणले गत दुई साता अघि लाइन काटेका आधा दर्जन उद्योगमा पुनः लाइन जोड्न निर्देशन दिनुभएको थियो। प्रधानमन्त्री ओलीले मौखिक निर्देशन दिए पनि प्राधिकरणले लिखित निर्देशन खोजेपछि जुँगाको लडाइ शुरु भएको छ। प्रधानमन्त्रीले लिखित निर्देशन नदिने प्राधिकरणले लिखित निर्देशनबिना लाइन पुनः नजोड्ने अडानका बीच विद्युत् नियम आयोगको प्रवेश भएको छ। आयोगले विद्युत् उपभोक्ता हित संरक्षण निर्देशिकाको हवाला दिँदै प्राधिकरणले लाइन काटेका उद्योगमा पुनः लाइन जोड्न निर्देशन दिएको छ। लाइन काटिएका उद्योगहरूको उजुरीका आधारमा आयोगले प्राधिकरणलाई लाइन जोड्न निर्देशन दिएको हो। निर्देशिकामा समस्या समाधान हुनुअघि उपभोक्ताको बिद्युत बिच्छेद गर्न नपाइने उल्लेख छ।

प्राधिकरणले २०७२ माघदेखि २०७५ वैशाखको डेडिकेटेड फिडर तथा ट्रंकलाइन वापत विद्युत् उपयोग गरेका उद्योगले महशुल नतिरेको भन्दै बक्यौता तिर्न उद्योगीहरूलाई पत्र पठाएको थियो। असार ९ गते ६ अर्ब ६० करोड ७८ लाख रुपियाँको बक्यौता तिर्न १५ दिनको समयभित्र महशुल नतिरेपछि लाइन काट्न शुरु गरेको थियो। जसअनुसार रिलायन्स स्पिनिङ्स, घोराही सिमेन्ट र अर्घाखाँची सिमेन्टलगायत उद्योगको लाइन काटिएको छ।

९ वर्षदेखि डेडिकेटेड फिडर तथा ट्रंकलाइन विवाद गिजोलिँदै गएपछि पूर्ववर्ती सरकारले पूर्वन्यायधीश गिरिशचन्द्र लाल दासको नेतृत्वमा छानविन समिति बनाएको थियो। समितिको प्रतिवेदनपछि प्राधिकरणले ६१ वटा उद्योगबाट ६ अर्ब ६० करोड रुपियाँ बक्यौता असुल्नुपर्ने निर्णय गर्दै अगाडि बढेको छ। सोही विषयमा आइतबार प्रधानमन्त्री ओली संसदलाई सम्बोधन गर्दै ट्रंकलाइन, डेडिकेटेडलाइन जोड्ने भनेको तारमात्रै जोड्ने होइन, बिजुलीको सप्लाइ हुनुपर्ने र सम्झौतामा २४ घण्टा बिजुली सप्लाइ गर्नुपर्ने भन्दै प्रमाण दिएर बक्यौता भएर उठाउनुपर्ने बताउनुभएको छ।

# हालसम्मकै बढी बजेट खर्च

**नेपाल समाचारपत्र, हेटौंडा**

मुख्यमन्त्रीमा नियुक्त भएको ५ सय ५९ दिनपछि वागमती प्रदेशको सत्ताबाट बहिर्गमन हुँदै गर्दा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले आफ्नो नेतृत्वको कार्यकालका 'उपलब्धिहरू' सार्वजनिक गर्नुभएको छ।

यस अवधिमा प्रदेश सरकारले सबै क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको दाबी गर्दै मुख्यमन्त्री जम्कट्टेलले विभिन्न क्षेत्रमा भएका विकास र सुधारका कार्यको सूची पुस्तिकामार्फत सार्वजनिक गर्नुभएको हो।

प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ मा हालसम्मको बढी ७२.८३ प्रतिशत बजेट खर्च गरेको, पुँजीगत खर्चमा उल्लेखनीय वृद्धि भइ ७९.४७ प्रतिशत पुगेको र उक्त उपलब्धिले सार्वजनिक खर्च व्यवस्थापन र वित्तीय सुशासन कायम गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याएको मुख्यमन्त्रीको दाबी छ।

वागमती विश्वविद्यालय स्थापना, प्रदेश अस्पतालहरूमा निःशुल्क सेवा विस्तार गरिएको तथा प्रदेश अस्पतालका क्याबिन र आईसीयुबाहेक सबै बेड निःशुल्क गरिएको उहाँले बताउनुभयो। यस अवधिमा ५ सय ९६ किलोमिटर पक्की सडक र २ सय ६७.२ किलोमिटर ग्राभेल सडक निर्माण तथा स्तरोन्नति, ६१ वटा सडक पुल र १६ वटा झोलुंगेपुल निर्माण भएका छन्।

खानेपानीका २ सय ५ ठूला आयोजना, सिंचाईंतर्फ १ हजार ५ सय २१ आयोजना सम्पन्न गरी ४१ सय ४८ हेक्टर क्षेत्रमा थप सिंचाईं सुबिधा विस्तार, चेपाङ, चिउरी तथा चमेरो संरक्षण कार्यक्रम, दलित समुदाय समग्र विकास कार्यक्रम र लैंगिक तथा यौनिक अल्पसंख्यकसम्बन्धि नीति कार्यान्वयन गरिएका छन्। नेपाल भाषा र तामाङ भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाका रुपमा मान्यता प्रदान गरिएको छ।

कानुनीरुपमा पनि प्रदेश सरकारले उल्लेखनीय काम गरेको र जसमा ७ वटा ऐन, १ अध्यादेश, ७ नियमावली, ४ निर्देशिका, र २० कार्यविधि जारी गरिएको उहाँले पत्रकार सम्मेलनमा बताउनुभयो। नीतिगत् कामहरू पनि धेरै भएको जानकारी दिँदै मुख्यमन्त्रीले संगठन संरचना पास गराउनुका साथै जिल्लामार्फत सेवाकेन्द्रबाट आमजनतालाई सेवा दिइरहेको बताउनुभयो। यस अवधिमा ११ हजार १३ कर्मचारीको सरुवा र ४ सय ४९ कर्मचारीको बढुवा गरिएको छ। ४० पटक मन्त्रिपरिषद् बैठक गरी २ सय ११ वटा निर्णय गरिएका छन्।

मुख्यमन्त्री जम्कट्टेलले प्रदेश संरचनाको संस्थागत विकास हुनेमा आशंका व्यक्त गर्नुभयो। मुख्यमन्त्री जम्कट्टेलले वर्तमान प्रधानमन्त्री केपी शर्माओली विगतदेखि नै संघीयता कार्यान्वयनप्रति जिम्मेवार नभएको टिप्पणी गर्दै संविधानतः प्रदेशले प्राप्त गर्नुपर्ने अधिकारहरू अझै पनि प्राप्त नभएको गुनासो गर्नुभयो।

प्रधानमन्त्री ओलीले प्रदेशलाई समृद्ध बनाउन भूमिका खेल्नेमा उहाँको आशंका छ। मुख्यमन्त्री जम्कट्टेलले प्रचण्ड नेतृत्वको सरकारले विगतमा प्रदेशलाई अधिकार सम्पन्न बनाउन पहलकदमी लिएको दाबीसहित प्रचण्ड नेतृत्वको सरकार बनेपछि राष्ट्रिय समन्वय परिषद् र तीन तहको कार्य विस्तृतीकरण बैठकमा प्रदेश सरकारलाई अधिकार दिनुपर्ने आवाज उठाइरहेको उहाँले स्मरण गराउनुभयो। प्रदेशलाई समृद्ध बनाउन सबै दल एकमत हुनुपर्नेमा उहाँको जोड थियो।

प्रदेश सरकारका मुख्यमन्त्री जम्कट्टेल, भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल, कृषि तथा पशुपक्षी विकास मन्त्री डा. राजेन्द्रमान श्रेष्ठ र युवा तथा खेलकुद मन्त्री रमा आलेमगरले संयुक्तरुपमा प्रदेश सरकारले गरेका प्रमुख कार्यहरूको पुस्तिका सार्वजनिक गर्नुभएको थियो।

नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम जम्कट्टेललाई मुख्यमन्त्री नियुक्त गरिएको थियो। उहाँ २०७९ पुस २५ गते प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट मुख्यमन्त्री नियुक्त हुनुभएको थियो।

मुख्यमन्त्री जम्कट्टेल नेतृत्वमा गठित वर्तमान सरकारले यस अवधिमा आइतबारसँगै चार पटक विश्वासको मत लिएको छ। पहिलो पटक २०७९ माघ ३ गते नेकपा (माओवादी केन्द्र), नेकपा (एमाले), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी र हाम्रो नेपाली पार्टीको समर्थनमा विश्वासको मत लिइएको थियो। त्यसपछि राजनीतिक समीकरण परिवर्तन भइ २०७९ चैत १० गते दोस्रो पटक र २०८० चैत १९ गते तेस्रो पटक विश्वासको मत लिनुपरेको थियो।

मुख्यमन्त्री बन्न उहाँलाई नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी) ले समर्थन गरेका थिए। आइतबारको विश्वासको मतमा भने एकीकृत समाजवादीबाहेकका सहयात्रीहरूले साथ छाडेका थिए। संघीय सरकार परिवर्तनसँगै प्रदेश सरकारमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट सहभागी ५ मन्त्रीले असार २४ गते राजीनामा दिएपछि प्रदेश सरकार अल्पमतमा परेको थियो।

१ सय १० सदस्यीय वागमती प्रदेशसभामा बहुमतका लागि ५६ सांसद चाहिन्छ। यहाँ सबभन्दा बढी कांग्रेसका ३७ सांसद छन्। एमालेका २७, माओवादीका २१, नेकपा (एस) का ७, राप्रपाका १२, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद छन्। कांग्रेस र एमाले मिल्दा ६४ सांसद पुग्छ। वागमतीमा कांग्रेसलाई नेतृत्व दिने भद्र सहमति बनेको छ। नेपालको संविधानले परिकल्पना गरेको तीन तहको शासकीय संरचनाको प्रादेशिक अभ्यास अब करिब ७ वर्ष पुरानो भइसकेको छ। यस अवधिमा वागमती प्रदेशसभाको पहिलो कार्यकाल ५ वर्ष पूरा भइ दोस्रो कार्यकालको पनि १ वर्ष ६ महिना बितिसकेको छ।

## एसबिआई बैंकलाई अवार्ड



**काठमाडौं, (नेस)**

नेपाल एसबिआई बैंकले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (आईक्यान) बाट वार्षिक रुपमा प्रदान गरिने राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड प्राप्त गरेको छ। बैंकले बैंकिङ क्षेत्र तर्फको सिल्भर अवार्ड प्राप्त गरेको हो। बैंकिङ सेक्टरमा उत्कृष्ट वित्तीय विवरण प्रकाशन गरकोमा आईक्यानले बैंकलाई उक्त अवार्ड प्रदान गरेको हो। काठमाडौंमा आयोजित एक कार्यक्रममा अर्थमन्त्री विष्णु पौडेलले नेपाल एसबिआई बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक कुमार देलाई उक्त अवार्ड प्रदान गर्नुभयो। नेपाल एसबिआई बैंकले १०० शाखा, २२ एक्स्टेन्सन काउन्टर, १९ शाखारहित बैंकिङ, ७ प्रादेशिक कार्यालय तथा कर्पोरेट अफिसका साथै १२१ एटिएमबाट सेवा प्रदान गर्दै आएको छ।

## मुक्तिनाथ विकास बैंकलाई उत्कृष्ट वित्तीय विवरण पुरस्कार

**काठमाडौं, (नेस)**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले हरेक बर्ष नेपाल वित्तीय प्रतिवेदन मान प्रणालीअन्तर्गत उत्कृष्ट वित्तीय विवरण प्रकाशन गर्ने संस्थाहरूलाई प्रदान गर्दै आएको उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार मुक्तिनाथ विकास बैंकले प्राप्त गरेको छ। यो पुरस्कारबाट मुक्तिनाथ बैंक लगातार पाँचौं पटक पुरस्कृत भएको हो।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले उक्त पुरस्कारमा निजी बैंकिङ क्षेत्र, वित्तीय सेवा क्षेत्र (अन्य सम्पूर्ण वित्त कार्य गर्ने कम्पनीहरू), उत्पादन क्षेत्र, शक्ति र ऊर्जा क्षेत्र र सेवा क्षेत्रका विधा थिए। विकास बैंक तथा अन्य वित्तीय कार्य गर्ने कम्पनीमध्येबाट मुक्तिनाथ विकास बैंकले वित्तीय क्षेत्र विधाको सर्वोकृष्ट पुरस्कार प्राप्त गरेको हो। उक्त पुरस्कार अर्थमन्त्री विष्णु प्रसाद पौडेलले मुक्तिनाथ विकास बैंकका कार्यकारी प्रमुख अधिकृत प्रद्युम्न पोखरेललाई हस्तान्तरण गर्नुभएको थियो।




## एनआईसी एसिया बैंक २७औं वर्षमा

**काठमाडौं, (नेस)**

एनआईसी एसिया बैंक २७औं वर्षमा प्रवेश गरेको छ। उक्त अवधिमा बैंकले ३६० शाखा कार्यालय, ६७० एटीएम, ११८ वटा विस्तारित काउन्टर एवम् ५१ वटा शाखा रहित शाखा सञ्जालबाट सेवा प्रदान गर्दै आएको छ।

स्थापनाकालदेखि हालसम्ममा २६ अर्ब ५९ करोड रुपियाँभन्दा बढी राजस्व सरकारलाई भुक्तानी गरिसकिएको बैंकले गत अर्थिक वर्ष २०८०/८१ मा मात्रै २ अर्ब ८९ करोड रुपैयाँभन्दा बढी राजस्व भुक्तानी गरेको जनाएको छ।

## रिटेल पेमेन्ट स्वीचमा कारोबार वृद्धि

**काठमाडौं, (नेस)**

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय भुक्तानी स्वीचअन्तर्गतको रिटेल पेमेन्ट स्वीचमार्फत ५७ खर्बको कारोबार भएको छ। कारोबार संख्या र रकमको आधारमा रिटेल पेमेन्ट स्वीचको कारोबारमा क्रमशः४९ प्रतिशत र ३८ प्रतिशतले बृद्धि भएको हो।

बैंक तथा वित्तीय संस्थाका मोबाइल बैंकिङ, भुक्तानी सेवाप्रदायकहरूका वालेट, क्यापिटल मार्केट, इन्स्योरेन्स, रेमिट्यान्स, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, ठूला कर्पोरेटहरू तथा नेपाल सरकार समेतको सबै जस्तो कारोबारहरू प्रोसेस तथा क्लियरिंग रिटेल पेमेन्ट स्वीचबाट हुने व्यवस्था रहेको छ। उक्त निकायहरूलाई रिटेल पेमेन्ट स्वीचमा नेशनल पेमेन्ट इन्टरफेसमार्फत इन्टिग्रेट गरिएको छ। फण्ड ट्रान्सफर, कुनै पनि प्रकारको बिल पेमेन्ट, क्युआर भुक्तानी , नेपाल सरकारको विभिन्न कारोबारहरू जुनै च्यानलबाट गरिए पनि अन्तिममा रिटेल पेमेन्ट स्वीचबाट प्रोसेस हुने गरेको छ।

## ग्लोबल आइएमई बैंकका ग्राहकलाई र इशान अस्पतालमा छुट

**काठमाडौं, (नेस)**

ग्लोबल आइएमई बैंक र इशान बाल तथा महिला अस्पतालबीच बैंकका ग्राहकलाई स्वास्थ्य सेवामा छुट प्रदान गर्ने सहमती भएको छ।

उक्त समझदारीमा बैंकका प्रमुख बजार अधिकृत दिलिप पोखरेल र अस्पतालका प्रमुख परिचालन अधिकृत श्रीराम पन्तले हस्ताक्षर गर्नुभएको छ। सम्झौताअनुसार अस्पतालले बैंकका डेबिट/क्रेडिट कार्ड एवम् बैंकको मोबाइल एप (ग्लोबल स्मार्ट प्लस) प्रयोगकर्ताहरूलाई औषधी उपचारका लागि अस्पतालमा १० प्रतिशतसम्म छुट प्रदान गर्नेछ।

अस्पतालले बैंकका ग्राहकहरूलाई अस्पतालको शैया शुल्क, अस्पताल सेवाहरू: डायगोनेस्टिक, ओ.पी.डी लगायतका सेवाहरू साथ-साथ आकस्मिक सेवाहरूमा १० प्रतिशतसम्मको छुट प्रदान गर्नेछ।

**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**सहरी विकास तथा भवन कार्यालय**
**धुलिखेल, काभ्रे**

**बोलपत्र स्वीकृती गर्ने आशयको सुचना**

**मिति : २०८१/०४/०७**

यस शहरी विकास तथा भवन कार्यालय, धुलिखेल, काभ्रेबाट मिति २०८१/०२/१० गते www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशीत तपशीलमा उल्लेखित ठेक्का नम्बर र कार्य विवरणसँग सम्बन्धीत निर्माण कार्यको लागि बोलपत्र आह्वान गरीएकोमा पर्न आएका बोलपत्रहरुमध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा मोहि ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ ।

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (PS र भ्याट बाहेक) |
|---|---|---|---|
| UDBO/NCB/Works/1S1E/36/080/081 | Baghkhor Buspark Nirman, Sailung-03,Dolakha | Sri Siddhi Binayak Nirman Sewa | RS. 4272742.63 |

**Office Chief**

**VACANCY ANNOUNCEMENT**

**Position Background**

Dhulikhel Hospital is currently seeking a **Pediatric Emergency Physician** to enhance its pediatric care services. This is a voluntary position aimed at encouraging applications from both diaspora and expatriates. The ideal candidate will support the hospital's mission of providing quality healthcare to children, contributing to a team dedicated to serve rural communities. Interested individuals are invited to apply and join our commitment to improving pediatric health outcomes in the community.

**Responsibilities and Deliverables**

- Supervise residents and fellows in emergency care of children
- Provide expertise and medical education in pediatric emergency medicine.
- Develop curriculum for pediatric emergency medicine
- Conduct and train faculties, residents and students on pediatric emergency medicine simulation and skills
- Conduct research on emergency care and practices and mentor students, residents and faculties

**Educational Qualification**: MD General Practice and Pediatrics

Experience: Sound knowledge of providing pediatric emergency care along with research publications and grant writing.

**Skills/Knowledge:**

- Recognize and manage a large spectrum of pediatric emergency especially trauma cases
- Proficiency in point of care ultrasound
- Simulation medicine
- Research publications and training

**Expected Duration of Contract: Fixed Term 24 months**

**No of positions : 2**

Interested candidates are requested to submit their application to Dhulikhel Hospital at oge@dhulikhelhospital.org by July 28th 2024 with following documents.

- Cover letter addressed to the Administrative Director.
- Updated resume
- Copy of Academic certificate
- At least 2 reference letters

**Selection Process:** Only candidates under serious consideration will be notified for the interview. Phone calls will not be entertained.

**Administrative Director**

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण।**
**आ.व. २०८०/०८१ को चौथो त्रैमासिक विवरण**

क. **निकायको स्वरूप र प्रकृतिः** कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित 'क' वर्गको वाणिज्य बैंक ।

ख. **निकायको काम, कर्तव्य र अधिकारः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

ग. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** हाल कर्मचारी संख्या १९५२ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भइ रहेको छ । व्यवस्थापन समूहको नाम र पद www.nmb.com.np मा हेर्न सकिनेछ ।

घ **निकायबाट प्रदान गरिने सेवाः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरू ।

ङ. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** यस बैंकको सेवा प्रदान गर्ने निकाय शाखा र जिम्मेवार अधिकारीहरूको विवरण बैंकको वेवसाइट www.nmb.com.np मा उपलब्ध छ।

च. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेवसाइट www.nmb.com.np मा प्रकाशित गरिएको छ । साथै सो जानकारी यस बैंकमा सम्पर्क गरि जुनसुकै बेला पनि प्राप्त गर्न सकिनेछ ।

छ. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णय, विभिन्न तहका अधिकारीहरूले गर्न सक्ने व्यवस्था/प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णय कर्ताको रूपमा रहेको छ ।

ज. **निर्णयउपर उजुरी सुन्ने अधिकारीः ग्राहकहरूको गुनासो तथा उजुरी सुन्नको लागि**
**श्री सुदेश उपाध्याय, गुनासो सुन्ने अधिकारी**
**पद : नायब प्रमुख कार्यकारी अधिकृत**
एनएमबि बैंक लिमिटेड,
प्रधान कार्यालय, बबरमहल, काठमाडौं

झ. **सम्पादन गरेको कामको विवरणः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरूले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरू सम्पादन भइरहेका छन् ।

ञ. **सूचना अधिकारी र प्रमुखको नाम र पदः** ग्राहकहरूलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीहरूलाई तोकिएको छः
**प्रमुख सूचना अधिकारीः श्री सुदेश उपाध्याय**
**पद : नायब प्रमुख कार्यकारी अधिकृत**
साथै, यस बैंकका शाखा कार्यालयहरूमा सम्बन्धित शाखा प्रमुखहरूलाई सूचना अधिकारीका रूपमा कार्य गर्ने गरी तोकिएको छ ।

ट. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः** प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकले पालना गर्नुपर्ने हुन्छ भने त्यसमध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकिङ्ग कार्यका लागि प्रमुख रूपमा रहेका छन्:

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकारण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. विनियम अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनियम (नियमित गर्ने) ऐन, २०१९ आदि ।
११. उपर्युक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू तथा संसोधनहरू
१२. नेपाल राष्ट्र बैंकको संपूर्ण निर्देशिकाहरू र परिपत्रहरू
१३. अन्य प्रचलित नेपालको कानुन
१४. मुलुकी देवानी संघित २०७४
१५. सूचनाको हक सम्बन्धि ऐन २०६४
१६. नेपाल राष्ट्र बैंकबाट स्वीकृत यस बैंकका विभिन्न नियमावलीहरू

ठ. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरणः** बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अध्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै, त्यस्तो विवरण बैंकको वेवसाइट www.nmb.com.np मा समेत उपलब्ध छ ।

ड. **तोकिए बमोजिम अन्य विवरणः**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरूमा प्रकाशन गर्नुका साथै बैंकको वेवसाइट www.nmb.com.np मा समेत राख्ने गरिएको छ ।

**सुचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छः**

क. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरणः**
यस बैंकले eNMB App मार्फत मुर्गिया खानेपानीको बिल भुक्तानिको सुरूवात गरेको, सातै प्रदेशमा MSME Day कार्यक्रमको आयोजना गरेको, ११ औं हेरिटेज वाक सम्पन्न गरेको र मानवसेवा आश्रम हेटौंडामा अति आवश्यक औषधी हस्तान्तरण गरेको छ ।

ख. **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः**
www.nmb.com.np

ख.१ **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**
International Finance Corporation (IFC), British International Investment (BII), Deutsche Investitions - und Entwicklungsgesellschaft (DEG), Swiss Investment Fund for Emerging Markets (SIFEM), Belgian Investment Company for Developing Countries (BIO) र Symbiotics S.A. अन्तर्गत ऋण सहायता प्राप्त गरेको, लगानी साझेदारी तथा कोष प्रबन्धक रहेको FMO, Enterpreneurial Development Bank बाट प्राबिधिक तथा ऋण सहायता प्राप्त गरेको छ ।

ख.२ **सार्वजनिक निकाएले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**
यस बैंकले बैकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आइरहेको छ तर विशेष प्रकारकको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

ख.३ **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**
सुचना वर्गीकरण नगरिएको र सूचनाको अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

ख.४ **सार्वजनिक निकायमा परेका सुचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**
बैंकले सार्वजनिक गरेको तथा प्रचलित कानुन बमोजिम प्रकाशन गर्न मिल्ने सुचनाहरू माग भई आएमा सम्बन्धित निवेदकको माग बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

ग. **सार्वजनिक निकायमा सुचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**
वार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरू त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेबसाइटमा समेत प्रकाशन गर्ने गरिएको छ ।

मिति: २०८१।०४।०७

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं, नेपाल
फोन : ९७७ १ ५३४६१६०
फ्याक्सः ९७७ १ ४२४६१५६
वेब : www.nmb.com.np

# नामजस्तै उज्ज्वल वर्ल्ड स्कुल तेक्वान्दोका स्वर्ण पदक विजेता



कविरस शर्मा, काठमाडौं

काठमाडौंको एउटा विद्यालयमा कक्षा १० मा अध्ययनरत् उज्ज्वल वाग्लेले वर्ल्ड स्कुल तेक्वान्दो च्याम्पियनसिप प्रतियोगितामा स्वर्ण पदक जितेर अन्तर्राष्ट्रिय खेलकुदको क्षेत्रमा नेपालको चिनारी दिन सफल भएका छन्।



**उज्ज्वल वाग्ले**
**१६ वर्ष**
**तेक्वान्दो**
**कक्षा ११**
**ब्राइट फ्युचर सेकेन्डरी स्कुल, नैकाप, काठमाडौं**

सन् २०२३ को जुलाईमा मेक्सिकोमा आयोजना भएको इन्टरनेसनल स्कुल स्पोर्ट्स फेडरेसन (आईएसएफ) अन्तर्गतको वर्ल्ड स्कुल तेक्वान्दो च्याम्पियनसिप प्रतियोगितामा उनले तेक्वान्दोमार्फत नेपाललाई स्वर्ण पदक दिलाएका हुन्। मेक्सिकोमा कक्षा लिएपछि त्यहीअनुसार प्रर्दशन गर्दै उनी स्वर्ण पदक विजेता बन्न सफल भए। मेक्सिकोमै अर्को एउटा प्रतियोगिता ओपन च्याम्पियनसिपमा पनि उनले रजत पदक हात पारेका थिए। त्यस क्रममा आईएसएफका मेक्सिकन प्रशिक्षकहरूसँग भेटघाट गरेपछि थप हौसिएका उज्ज्वलले त्यसको केही समयपछि ब्राजिलमा आईएसएफ जिम्नेसाइड यु-१५ (१५ वर्षमुनिका उमेर समूह) मा भाग लिएका थिए। तर, कुर्कुच्चामा समस्या आएको कारण उनले त्यहाँ खेल्न भने सकेनन्। उनी तेक्वान्दो खेलबाट निकै उत्साहित छन्। वाग्लेले भविष्यमा पनि तेक्वान्दोमार्फत नेपालको नाम अन्तर्राष्ट्रिय मञ्चमा फैलाउने उद्देश्य लिएका छन्।

**स्वर्ण जितेपछि घर-परिवार र खेलकुद क्षेत्रबाट के-कस्तो साथ सहयोग पाइएको छ ?**

- ममी-ड्याडी र परिवारका सदस्यहरू र स्कुलबाट पनि राम्रो साथ पाएको छु। आगामी अक्टोबरमा बहराइन हुने एउटा प्रतियोगितामा खेल्नलाई पनि उहाँहरूले मेरो मनोबल बढाइरहनु भएको छ। स्कुलमै आएर राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष, ओलम्पियन विधान लामा, तेक्वान्दो संघका राकेशकुमार राईलगायतले सम्मान गर्नुभयो।

**सबैभन्दा मनपर्ने नेपाली तेक्वान्दो खेलाडी को हुन् ?**

- मनपर्ने त धेरै छन् तर, सानैदेखि नाम सुनेको दीपक विष्ट धेरै मनपर्छ। ब्राजिल जाँदा उहाँबाट धेरै कुरा जान्ने अवसर पाएको थिएँ।

**मनपर्ने अन्तर्राष्ट्रिय तेक्वान्दो खेलाडी को-को हुन् ?**

- अमेरिकी तेक्वान्दो खेलाडी कार्ल निकोलस।

**मन पर्नुको कारण ?**

- टेक्निक, गेमिङ र समग्रमा तेक्वान्दोका धेरैकुराहरू राम्रो। मैले पनि निकोलसको खेल हेरेर धेरै कुरा सिकेको छु। विशेषगरी अंक कसरी जोड्न सकिन्छ भनेर निकोलसको खेल्ने तौर तरिकालाई ध्यान दिएर हेर्ने गरेको छु।

**अरू खेलमा रूचि छ ?**

- सानैदेखि तेक्वान्दो नै खेल्दै आएको हुँ। अरू खेलमा खासै रुचि छैन। मलाई फुटबल र फुटसल पनि मनपर्छ।

**फुटबलका सबैभन्दा मनपर्ने खेलाडी कुन हो ?**

- लियोनल मेसी।

**मेसी मन पर्नुको कारण ?**

- मेसीको खेल्ने शैली मनपर्छ। एउटा गरीब परिवारमा जन्मेका मेसीले जीवनमा गरेको मिहिनेतले यो स्थानसम्म पुगेको छ। 'ग्रेटेस्ट अफ अल टाइम' भनेर चिनिएको छ। उसलाई फलो गरेको छु र कसरी खेल्छ भनेर सिक्ने प्रयास पनि गरेको छु। तेक्वान्दो चाहिँ मेरो पहिलो प्राथमिकतामा पर्छ भने फुटबल र फुटसल पनि खेल्छु। तेक्वान्दोपछि दोस्रो प्राथमिकतामा फुटबललाई राखेको छु।

**सबैभन्दा मनपर्ने स्पोर्ट्स ब्रान्ड र गियर कुन हो ?**

- एडिडासको तेक्वान्दो पोशाक लगाउँदा सहज लाग्छ। त्यस्तै, केल्मी ब्रान्ड पनि मनपर्छ। सानैदेखि आफूलाई चाहिएको स्पोर्ट्सको पोसाक र सम्बन्धित सामग्री अभिभावक र स्कुलले उपलब्ध गराउँदै आउनुभएको छ। ▪



# तपाईं एआईमा कतिको अभ्यस्त हुनुहुन्छ?

नेपाल समाचारपत्र, काठमाडौं

आधुनिक युग कृत्रिम बौद्धिकता अर्थात् आर्टिफिसियल ईन्टेलिजेन्स (एआई) कै हो भन्दा फरक नपर्ला। विश्वमै यति छिटो रफ्तारमा एआईको विकास भइरहेको छ कि यसले समाजका विभिन्न क्षेत्रहरूमा व्यापक परिवर्तन ल्याउने सम्भावना छ।

यसको प्रयोग स्वास्थ्य सेवा, शिक्षा, व्यवसाय र उद्योग, यातायातका साथै स्मार्ट सिटी व्यवस्थापनमा पनि प्रभावकारी हुने देखिएको छ। यसैका कारणले भविष्यमा धेरै पेशा संकटमा पर्ने र धेरैले रोजगारी गुमाउने अवस्था सिर्जना हुने देखिएको छ भने यसको उपयोगितालाई मनन गरेर समयमै योसँग अभ्यस्त हुँदै जाने हो भने यसले मानिसको दैनिकी र पेशागत जीवनमा महत्वपूर्ण सहयोगीको भूमिका निभाउने छ। यसैका कारण थुप्रै नयाँ रोजगारी पनि सिर्जना हुँदै जानेछ।


**के हो त एआई ?**

कम्प्युटर प्रणाली वा रोबोटलाई मानिसले जस्तै सोच्न र काम गर्न सक्षम बनाउने प्रविधि हो एआई।

**च्याट जिपिटीबारे सामान्य जानकारी**

यो ओपन एआईले विकास गरेको एउटा भाषा मोडेल हो। जसले प्राकृतिक भाषा प्रशोधन (एनएलपी) को प्रविधि प्रयोग गरेर मानिसले जस्तै हामीले सोधेको कुराको जवाफ दिनसक्छ। यसले इन्पुटलाई बुझेर त्यसको आधारमा सान्दर्भिक जवाफ दिन्छ। यसले इन्डेक्सिङ र एल्गोरिदम प्रयोग गरेर इन्टरनेटमा सामग्री खोज्छ र सबैभन्दा सान्दभिक नतिजा देखाउँछ।

यसलाई जीपीटी (जेनेरेटिभ प्रि-ट्रेन्ड ट्रान्सफर्मर) मोडेलको आधारमा निर्माण गरिएकोले अघिल्लो तथ्यांकबाट सिकेर नयाँ संवाद गर्न सक्छ। यसलाई लेख लेख्ने, भाषा अनुवाद गर्ने, प्रश्नोत्तर बनाउने जस्ता काममा प्रयोग गर्न सकिन्छ। यसलाई विभिन्न प्रकारका पाठ्यक्रम डाटाहरूमा प्रशिक्षण दिइएको हुनाले यसलाई विभिन्न विषयहरूको ज्ञान छ र यसले विभिन्न प्रकारका प्रश्नहरूको उत्तर दिन सक्छ।




एआई मेसिनले आफ्नै अनुभवबाट सिक्ने, समस्याहरू समाधान गर्ने र निर्णय लिनसक्ने क्षमता भएको प्रविधि हो। विभिन्न एआईमध्ये अहिले च्याट जीपीटी बढी प्रचलित छ।

ईमेल, निबन्ध, कोडका साथै व्यापारिक योजना बनाउन पनि यसको प्रयोग गर्न सकिन्छ। अहिलेसम्म यसको नियमित संस्करण नि:शुल्क प्रयोग गर्न सकिन्छ। तर, यसको एड्भान्स संस्करणको लागि भने महिनाको २० अमेरिकी डलर शुल्क तिर्नुपर्छ। ▪


## Book Insights:

**LET'S DEVELOP A HABIT OF BOOK READING**

*Reading books is essential. It helps us learn new things, think better, understand different viewpoints and sharpens our cognitive abilities. Books give us knowledge and wisdom from others' experiences. In our fast-changing world, reading helps us adapt and succeed, making it crucial for personal and professional growth. Every Monday, we will share a summary of recommended books for you to enjoy.*

# "Think and Grow Rich"

by Napoleon Hill




***Author and Background:*** Napoleon Hill's "Think and Grow Rich", first published in 1937, is an influential work in the field of personal development and success literature. Hill, inspired by figures like Andrew Carnegie, Thomas Edison, and Henry Ford, spent over 20 years interviewing successful individuals to uncover the principles of wealth accumulation and personal achievement. The book has achieved global success, selling over 80 million copies.

***Core Message:*** The book suggests that success and wealth are the results of specific habits of thought and action. Hill emphasizes the importance of a positive mental attitude, clear goal setting, and persistence. Key principles include desire, faith, autosuggestion, specialized knowledge, imagination, organized planning, decision, persistence, the power of the mastermind, sex transmutation, the subconscious mind, the brain, the sixth sense, and overcoming fear.

***Impact:*** "Think and Grow Rich" offers practical advice on achieving financial success and personal fulfillment, making it a timeless guide for anyone looking to transform their desires into reality. Its principles remain relevant and influential, helping readers cultivate the mindset needed for success. This book is an essential read for those seeking to understand the principles of success and apply them in their own lives. ▪

## आजको राशिफल

• ज्यो. काश्यप

**मेष**
दिन सुखदायक छ। सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित होला।

**वृष**
राज्यभय, मान-प्रतिष्ठामा आँच आउने, तनाव बढ्ने सम्भावना भएकाले सजग रहनुहोला।

**मिथुन**
दिन शुभ फलदायक छैन। रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा हुन सक्छ।

**कर्कट**
शुभ समय आएकाले धनलाभ, सम्मान, इज्जत-प्रतिष्ठा बढ्ने, समस्या समाधान हुने देखिन्छ।

**सिंह**
सानै प्रयासमा आर्थिक लाभ, प्रतिस्पर्धा वा परीक्षा, खेलकुद आदिमा विजय हुने सम्भावना छ।

**कन्या**
दिन त्यति शुभ छैन। बाथजन्य रोगको भय, कार्य असफल हुन सक्छ, सजग रहनुहोला।

**तुला**
तपाईंको पेट गडबड हुन सक्छ। साथै विवाद, दिनचर्या अस्तव्यस्त नहोला भन्न सकिन्न।

**वृश्चिक**
शुभ दिन भएकाले आर्थिक लाभ, पढाइ, जागिर, व्यापार आदिमा सफलता हुने देखिन्छ।

**धनु**
धनहानि, व्यर्थको खर्च, मन चञ्चल, आँखामा समस्या हुन सक्ने भएकाले सजग रहनुहोला।

**मकर**
दिन शुभ फलदायक छ। उपहार आदिको प्राप्ति, भाग्योदय, कार्यसफल, धनलाभ होला।

**कुम्भ**
तपाईंका लागि दिन सन्तोषजनक छैन। आर्थिक नोक्सानी, चोटपटकको भय होला।

**मीन**
दिन बलवान् छ। द्रव्यलाभ, विविध सेवा वा वस्तुको प्राप्ति, उत्तम भोजन प्राप्ति होला।